j if{ @^÷ k0ff{ª\s &(÷ ;fpg–ebf}@)^(

kl/z sfplG;n gkfnåf/f 's' jufdf jul{s/t klqsf

-åjlfl ;s_

bflo|j

kwfg ;Dkfbs

/fdk|;fb kGt
kmfg g=+$–$*^$&^
ufhLkmfg (*$!%@^)!&

;Dkfbg ;Nnfxsf/

7fs/ zdf{
kmfg g=+$–$@)^!)

;x–;Dkfbs

ofbj e§/f0{
kmfg g=+$–&*#@^$

;Dkfbg ;xofµL

s]/j/fh kGt
sdn 1jfnL
ljif0f' 1jfnL

cfj/0f snf

k[jL÷k|tdf kf08]

;xofµ ?=@%÷–

Joj:yfks

nldL kGt
kmfg $–$*^$&^

sfof{no

3–@&@÷&), rfjlxn–&, sf7df8f}
kmfg $–$*^$&^, kf]a=g=+^&^^, sf8df8f}
e-mail: dayitwa@hotmail.com
Website: www.dayitwa.org

dbfs/M ;'ofpo 5fkfvfgf, kmfg g=+$$#$(&!, wf]Lwf/f, sf7df8f}
E-mail : suryodayapress@yahoo.com

;Dkfbslo

- पूर्वजप्रति कृतज्ञ हुने हाम्रो परम्परा हो । पूर्वजप्रति श्रद्धावनत हुने, उनीहरूका असल कामलाई सम्झने र असल कामको अनुसरण गर्ने हाम्रो परम्परा पहिलेदेखि चलिआएको हो, चलिरहेको छ र चलिरहने छ । पूर्वजलाई हामीले सदैव श्रद्धा गर्‍यौं भने उनीहरूको आशीर्वाद अनुजहरूलाई प्राप्त भइरहने छ र त्यसबाट नयाँ पुस्ताको उत्तरोत्तर समुन्नति हुँदै जाने छ । हुनुपर्ने पनि यही नै हो र सत्य पनि यही नै हो ।

- मानव समाजमा आफ्ना पूर्वजहरूलाई सम्झने तरिकाहरू बेग्लाबेग्लै छन् । कसैले भावनाले मात्र सम्झिन्छन्, कसैल फूल चढाएर मात्र पनि सम्झिन्छन्, कसैले पूजाआजा गरेर सम्झिन्छन्, कसैले श्रम र अर्थ खर्चेर पनि श्रद्धा अर्पण गर्छन् । जुन तरिकाले सम्झे पनि पितृहरूको आशीर्वाद वंश परम्परामा सदैव रहिरहन्छ । यो सत्य हो ।

- वंश परम्परा जस्तै मानव समाजमा पूर्वजहरूलाई सम्झने एउटा वर्ग परम्परा पनि छ । जस्तै हामी साहित्यिक वर्गका मानिसहरुले आदिकवि भानुभक्तदेखि लिएर हिजो अस्ति दिवङ्गत हुनेसम्मका साहित्यकारहरूलाई सम्झन्छौं । उनीहरूका देनबारे लेख्छौं, छाप्छौं र श्रद्धा अर्पण गर्छौं । यतिमात्र होइन उल्लेखनीय योगदान गर्नेहरूको राष्ट्रले र साहित्य जगतले विशेष कार्यक्रमको अयोजना गरी विधिवत् सम्झने काम गर्दछ ।

- यसै परम्परा अन्तर्गत केही वर्षयता नेपाली साहित्य जगतमा विशिष्ट योगदान गर्ने साहित्यकारहरूको शतवार्षिकी समारोह भव्यता साथ सम्पन्न गर्ने परम्परा बसेको छ । महाकवि देवकोटाको शतवार्षिकी अभूतपूर्व रूपमा मनाइयो – अठार महिनासम्म । यो एउटा साहित्यकारहरूलाई सम्झने विशिष्ट थालनी थियो र सरकारले पनि उल्लेखनीय योगदान गरेको थियो । तर नेपाली साहित्यमा उल्लेख्य योगदान गर्ने भवानी भिक्षुको जन्म शताब्दी देवकोटा सँगसँगै परे पनि कतैबाट उनलाई सम्झिने काम भएन ।

- महाकवि देवकोटापछिका वर्षहरूमा पनि हामीले सम्झनुपर्ने धेरै साहित्यसेवीहरू थिए । ती मध्ये हामीले कतिलाई सम्झन सक्यौं, कतिलाई सकेनौं । सोमनाथ घिमिरे व्यास, खड्गमान मल्ल, मातृकाप्रसाद कोइराला, टंकप्रसाद आचार्य, गोपाल सिंह नेपाली आदि साहित्यकारहरूलाई हामीले जति सम्मान दिनसक्नुपर्ने थियो, त्यति दिन सकेनौं । यी बाहेक खगेन्द्रराज पाण्डे, गोविन्दप्रसाद भट्टराई, देवीप्रसाद पौडेल, भैरवनाथ चालिसे, मोहनबहादुर मल्ल, रामचन्द्र ढुङ्गाना लगायत साहित्यकारहरू त खालि स्मृतिमा मात्र रहे ।

- गत वर्ष भने यसको रफ्तार अलि बढ्यो । युगकवि सिद्धिचरण श्रेष्ठ, भीमनिधि तिवारी, काशीबहादुर श्रेष्ठ, गणेशलाल श्रेष्ठहरूको शतवार्षिकी मनाउन प्रज्ञाप्रतिष्ठानले पनि महत्व दियो । तर तोत्रराज पाण्डे, तुलसीराम कुँवर जस्ता साहित्यकारहरू सम्झनामा मात्र रहे ।

- यस वर्ष गोपाल पाण्डे 'असीम' नयराज पन्त, यदुनाथ खनाल, डिल्लीरमण रेग्मी जस्ता बहुचर्चित र बहुप्रतिभा सम्पन्न साहित्यकारहरूको जन्मशताब्दी परेको छ । दाताराम शर्मा, भवदेव पन्त, बुद्धिसागर पराजुली लगायतका साहित्यकारहरूको पनि शतवार्षिकी मनाउनुपर्ने हो यसै वर्षमा । यो प्रक्रिया कसरी अगाडि बढ्छ प्रतीक्षाको विषय छ ।

- यसैगरी आगामी वर्ष विश्वेश्वरप्रसाद कोइराला, केदारमान व्यथित जस्ता साहित्य महारथीहरूको शतवार्षिकी परेको छ । उहाँहरू सँगसँगै जन्मनेहरू अरू पनि छन् – रामराज पौडेल, पद्मनाथ मिश्र, वैजनाथ भट्टराई, करुणाकर वैद्य, कलानाथ अधिकारी, मुक्तिनाथ तिमल्सिना, ढुण्डिराज कोइराला आदि । यसै वर्ष आदिकवि भानुभक्तको २०० औं जन्मजयन्ती पनि परेको छ । यी पूर्वजहरूको सम्मानका लागि सिङ्गो राष्ट्र र नेपाली साहित्य जगत मन वचन र कर्मले लाग्नुपर्छ भन्ने हाम्रो दृष्टिकोण छ ।

- विगतको अनुभवलाई हेर्दा स्रष्टाहरूको सम्मान र परम्पराका लागि वंश र वर्ग दुवैको सक्रिय सहभागित हुनु जरुरी रहेछ भन्ने महसुस हुन्छ । राज्यको प्रत्यक्ष उपस्थिति नरहने हाम्रो साहित्य परम्परामा वंशले सक्रियता देखाए मात्र राज्य र साहित्यजगतले होस्टेमा हैंसे गर्न कर लाग्दोरहेछ । नत्र राष्ट्रको विशिष्ट साधक पनि छायामा पर्दोरहेछ । लैनसिंह वाङ्देल, बाबुराम आचार्य, भवानी भिक्षु, यदुनाथ खनाल, केदारमान व्यथित, केशवराज पिँडाली, विजय मल्ल, मोहन कोइराला, भूपी शेरचन, दौलतविक्रम बिष्ट, धनुषचन्द्र गौतम, वासुपासा, ईश्वर बराल, ईश्वर वल्लभ, भरतराज पन्त जस्ता एक व्यक्ति एक संस्थाको रूपमा स्थापित भइसकेका साहित्य सारथीहरूलाई सम्झने न कुनै स्रोत छ, न कुनै संस्था । सम्झदै ल्याउने हो भने सुधपा, जनकलाल शर्मा, रामशरण दर्नाल, हर्षनाथ भट्टराई, वालमुकुन्ददेव पाण्डे आदि धेरैको नाम लिन सकिन्छ ।

- पछिल्लो चरण दिवङ्गत हुनुभएका डायमन शमसेर, गोविन्दबहादुर मल्ल, फणीन्द्रराज खेताला, कृष्णचन्द्रसिंह प्रधान, गोविन्द भट्ट, केवलपुरे किसान, भवानी घिमिरे, जगन्नाथ त्रिपाठी, देवकुमारी थापाहरू पनि नेपाली साहित्य जगतका बलिया स्तम्भहरू हुन् । यिनीहरूलाई औपचारिक रूपमा सम्झनका लागि विधिवत् संस्था जन्मनु आवश्यकता छ । बेलैमा सम्बन्धित पक्षको ध्यान पुगोस् । यसरी नै नेपाली साहित्यमा छाप छोडेर जाने भुवनलाल प्रधान, राममान तृषित, उपेन्द्र श्रेष्ठ, लक्ष्मण लोहनी, दैवज्ञ न्यौपाने, हर्षबहादुर बुढामगरहरूलाई पनि हामीले बिर्सनु हुन्न । यिनै कामनाहरू सहित सम्पादकीय आलेखमा परेका र पर्न छुट भएका सम्पूर्ण दिवङ्गत साहित्यरत्नहरूमा श्रद्धा सुमन ।

दायित्व

(साहित्यिक द्वैमासिक)

ljifoqmd

;[hgf	kfgf g=+	;|6f
कथा/लघुकथा		
kl/l:ylt	%%	u^\uf kf8]h
P;kL ;fx}sf]sS'/	%^	v8\uaxfb'/ rfkfufO{+
;Ddfg ;df/fx	^&	OGbsdf/ >]7
लेख/निबन्ध		
du/efiffsf]dh vf+Hb}du/ftsf]km]/f] g]kfnL ofqf;flxTosf pbejsfnLg bO{s[tsf]	@	dfwjk|fb kf]v/]h
;^\lfKt cWoog	^	lgdf]xL Jof;
dGqLhLsf]a;ofqf	!(	g/]b/fh kf8]h
uf]h9^\ufsf];+lfKt k'/ftg z}lfs kl/jz	%)	ndl8L cfrfo{
ljjfx ;=sf/sf kDv 36s M j/ / jw"	%*	k|sfz 9sfn
यात्रासंस्मरण		
a]nsf] ;flxlTos ofqf	@$	e'jgxl/ l;Ubh
समीक्षा/समालोचना		
tLg s[t M Ps b[i6	#!	7fs'/ zdf{
;]gs hLjg / k~rfotL zf;gsf];fk]ftfdf ';kgfx¿sf]bz' pkGof;	$)	8f= n]vk|fb lg/f]hf
'dxfk?ifsf];^\ut' lgaGwdf Jo^\o	$$	;xk|= efujt 9sfn
j}rfl/stfsf]s;Ldf '/f]hLsf]xjf0hxfh' afnpkGof;	^*	/fd atf]hf 'cfE'
कविता/गीत/गजल/मुक्तक		

afh'/fd kf8]h–!÷uf]kLs[0f 9^\ufgf–%÷8f= ljZjbLk clwsf/L–@@÷8f= bufk|fb cofl–@#÷ kfun ofqL–@#÷lgdfhsdf/ zdf{–#(÷ s[t 9^\ufgf–#(÷jL=kL zfxL–$#÷ xL/fnfn s8]h 'ef/åfh'–$(÷s?0ff pbf;L 's[0f'–%$÷slkn c1ft–%&÷ldng ;dL/–^&÷ w]k|fb kf8]h–&) .

;fydf ;Dkfbs|o, bflo|Tjaf]v, s[t ljj/0f cflb .

bfloTj n]; Gb/

■ afh'/fd kf8]h

माटाको पनि धर्म त्यै सृजन हो पानी र हावा सँगै
उज्यालो हुनु धर्म हो किरणको छायाँ अँध्यारोसँगै
ढुङ्गा अड्न सिवाय त्यै नजिकको माटो भए पुग्दछ
माटो बन्दछ अंशबाट यसकै दायित्वमा पर्दछ । ॥१॥

काटी पर्वत शृङ्खला र सजिलो सोझो बनाए भयो
चाँदीका तर बग्दछन् जलधिमा छेकेर राखे भयो
झुल्के घाम लिएर हिँड्दछ भलो साँचेर राखे भयो
औँसी झैँ हुनुहुन्न रात अबको बत्ती जगाए भयो । ॥२॥

माटोको महिमा र राष्ट्र हितमा संमृद्धका काममा
मान्छेको मन लाग्नुपर्दछ सधैँ निर्माणका धाममा
मान्छेको यश बोल्छ काम उसकै बन्दा सधैँ उर्वर
साँचो मानिस मात्र बन्छ यसको दायित्वमा तत्पर । ॥३॥

झुल्छन् उन्नत मञ्जरी हिउँदमा वैशाखले गाउँदा
छर्छन् मग्मग वासना वनभरी हावा बयेली हुँदा
गाई शावकमा पवित्र मनले बाटो नभुल्ने सधैँ
फर्कन्छन् घर गोठ साँझ अघिझैँ दायित्व आफ्नो लिँदै । ॥४॥

ईर्ष्या द्वेष नफालिए मन यसै धूवाँ बनी जल्दछन्
फल्दैनन् रसपूर्ण भै फलहरू दाना यतै गल्दछन्
बन्दैनन् कण, पात, पत्कर कतै दायित्व भन्दा पर
मान्छे बन्दछ त्यै सुकाम, हितको दायित्वले सुन्दर । ॥५॥

❖❖❖

bfloTj ÷ 1

vf]h÷cg';Gwfg

du/ efiffsf]dfh vf]Hb}du/ft sf]km]/f]

■ dfwjk|;fb kf]v/]h

राराष्ट्रिय योजना आयोगले त्रिभुवन विश्व विद्यालय भाषा विज्ञान विभागलाई नेपालका भाषाहरूको समाज भाषा वैज्ञानिक सर्वेक्षण गर्ने जिम्मा दिएको छ। यस पालि मैले मेरा भागमा मगर भाषासँगै रमेश खत्री र इन्द्रेश ठाकुर भन्ने दुइटा चेला साथी रोजें। रमेशले जति अङ्क ल्याएर भाषा विज्ञानमा एमए उत्तीर्ण हुने मान्छे अर्को छैन भन्ने मैले बुझेको छु भने, इन्द्रेशलाई चाहिँ कम्प्युटरको प्राविधिक ज्ञान अलिक बढ्ता छ भन्ने मलाई लागेको हुनाले मैले ती दुइटा चेला नै रोजेको हुँ। यी दुइटै चेला कुरा कम, काम धेरै गर्छन् भन्ने मलाई लागेकाले पनि मलाई ती चेलाहरू मन पऱ्यो। म धरानमा जन्मेको, इन्द्रेश जनकपुरमा र रमेश दैलेख हो कि सुर्खेतमा जन्मेकाले हाम्रो सङ्गतमा भौगोलिक विविधता पनि थियो।

नेपालमा तीन किसिमको मगर भाषा छ। डोल्पाका मगरहरूले काइके भाषा बोल्छन्; रुकुम र रोल्पाका मगरहरू खाम (अठार मगराती) भाषा बोल्छन् भने, गुल्मी, पाल्पा, स्याङ्जा, तनहुँ र नवलपरासीका मगरहरू ढुट (बाह्र मगराती) भाषा बोल्छन्। यी तीनै किसिमका मगर भाषा भोट चिनिया परिवारकै भए पनि, मगर नाउँ बाहेक ती भाषामा धेरै कुरो मेल खाँदैन। काइके मगर तिब्बती भाषासित मिल्छ; खाम मगर किराँती (राई, लिम्बु) भाषासित मिल्छ भने पूर्वेली मगर भाषासँग धेरै मिल्ने अर्को कुनै भाषा नेपालमा छैन भने पनि पुग्ला।

मेरा भागमा स्थलगत अध्ययनमा चाहिँ त्यही पूर्वी (ढुट) मगर परेको थियो। जसलाई मैले अहिले पूर्वी मगर भन्ने नाउँ दिएँ। वास्तवमा सबभन्दा बढ्ता छरिने मगर भाषा नै त्यही हो। यो ढुट मगर भाषा त पश्चिममा दैलेख र सुर्खेतमा पनि बोलिँदो रहेछ। पूर्वमा उदयपुरमा ठूलो सङ्ख्यामा बोलिन्छ। तान समेत प्रस्ट छुट्याउने गरी खोटाङका मगरहरू पनि मगर भाषा बोल्दा रहेछन् भन्ने मैले भर्खरै चाल पाएँ। मेची पारि सिक्किममा र केही मात्रामा असमसम्म पनि यो मगर भाषा बोलिन्छ। मध्यकालमा यसै मगरले धेरै राजनीतिक शक्ति बटुलेको थियो। मगरहरूको जमोट बस्ती भएको क्षेत्रलाई मगरात भनिन्छ।

मैले मगर भाषाको वर्ण निर्धारण २१५१ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा गरेको थिएँ। याक्सन एइडमा लोकबहादुर थापालाई मगर भाषाको वर्ण वैज्ञानिक आलेखन बारे सिकाएको थिएँ, नेपाल मगर सङ्घमा मगर भाषाका तानको विश्लेषण गरी दिएको थिएँ। हीरा सिंह थापालाई मगर शब्द कोश बनाउने काममा प्राविधिक सल्लाह दिएको थिएँ र लोकबहादुर थापाको मगर भाषाको व्याकरणका सम्पादन तथा परिमार्जनमा विशेषज्ञ भएर सल्लाह दिएको थिएँ। त्यतिमात्र नभएर मगर भाषा र मग्यार (हङ्गेरियाली) भाषामा १६ प्रतिशत शब्द मेल खाने विश्लेषण पनि गरेको छु। मेरा अनुभवको यसै पृष्ठभूमिका भरमा मैले मगर भाषाको सबभन्दा पुरानो अथवा मौलिक स्वरूप पश्चिम स्याङ्जाको भाषिकामा भएको टुङ्गो लगाएको थिएँ।

bflotj÷ 2

मगर भाषाको स्थलगत सर्वेक्षण गर्नु गाह्रो छ, किन भने मेरा जानकारीमा मगर भाषा दैलेख र सुर्खेतमा पनि बोलिन्छ, बीचमा स्याङ्जा, पूर्वी पाल्पा, नवलपरासी, तनहुँ, गोरखा अनि पूर्वमा सिन्धुली र उदयपुरमा पनि बोलिन्छ । त्यसभन्दा पूर्वतिर पनि मगर भाषा फाटफुट बोलेको सुनिन्छ । यति फराकिलो क्षेत्रमा बोलिने भाषाका अनेक भाषिका हुनु स्वाभाविक हो । त्यसैले मैले सबै क्षेत्रका मगर भाषाको नमुना सर्वेक्षण गर्ने सुर गरेँ ।

जुनसुकै भाषा वरिपरि अरू भाषाले घेरिएको हुन सक्छ; अर्थात् जुनसुकै भाषाका भाषिकाको एउटा निश्चित क्षेत्र हुन्छ । अरू भाषा बोल्ने क्षेत्रसित जोडिएका ठाउँमा भाषामा पारस्परिक प्रभाव हुन्छ । अरू भाषाको पारस्परिक प्रभाव नभएका क्षेत्रको वक्ता खोज्नुपर्‍यो भने, त्यस्तो क्षेत्र खोज्नुपर्छ, जुन क्षेत्रभित्र भरसक अरू भाषा बोल्ने मान्छे नहोऊन् । सकेसम्म ठूलो जनसङ्ख्या भए, त्यस भाषिक क्षेत्रको बीचतिर कुनै भाषाको चोखोरूप पाइन सक्छ । भाषाको आदर्शवक्ताले भरसक आफ्नो जन्मथलो पाँच वर्षभन्दा बढ्ता नछोडेको होस् ।

भाषा सर्वेक्षण गर्ने आदर्श थलो चिन्ने आधार बनाएर मैले लोकबहादुर थापासँग सम्बन्धित क्षेत्रका मर्मज्ञहरूसँग बुझेर स्याङ्जा, पाल्पा, नवलपरासी, तनहुँ, सुर्खेत, दैलेख, उदयपुर र सिन्धुलीका आदर्श गाउँका नाउँ मागेँ । लोकबहादुर थापाले मैले रोजेका हरेक जिल्लाको मगरमात्र बस्ने, मगर भाषामात्र बोलिने आदर्श गाउँको नाउँ, ती गाउँसम्म पुग्ने बाटो, सम्बन्धित क्षेत्रका सम्पर्क राख्नुपर्ने सहजकर्ताहरूको मोबाइल फोन सबै नम्बर बटुली दिए । मोबाइल फोनले यसपालि स्थलगत अन्वेषणमा धेरै सघायो ।

मैले यात्राको तयारी पूरा गरेँ; चेलाहरूलाई साथ लगाएँ र पश्चिम स्याङ्जाको आलमदेवी गाविसलाई लक्ष्य बनाएँ । जानुभन्दा अगाडि मैले अर्को कुरो विचार गरेँ; काठमाडौँबाट पश्चिम स्याङ्जा पुग्ने बाटैमा तनहुँ पर्छ । त्यसैले पश्चिम स्याङ्जाको भाषिकाले मगर भाषाको मौलिक रूप दिन्छ भन्ने थाहा हुँदाहुँदै पनि मैले पहिले तनहुँ जाने विचार गरेँ । लोकबहादुर थापाले मलाई तनहुँका मगर भाषा बोलिने आदर्श गाउँमा नाजुङ र सेटाङको नाउँ दिएका थिए भने पोखराका मेरा शिष्य चूडामणि खनालले कोर्लाङ, मोचालाङ, मानुङ, गुणादी र खैरिनी टारको नाउँ टिपाइदिएका थिए । सेटाङको नाउँ चाहिँ लोकबहादुर थापा र चूडामणि खनालको मिलेकाले मैले कि सेटाङ कि नाजुङ जाने मन बनाएँ । चूडामणि खनालको घर पनि गुणादी भएकाले मलाई सघाउन उनी पोखराबाटै गुणादीसम्म उसै दिन आएर पर्खी रहेका थिए । हामी गुणादीमा ओल्यौँ, चूडामणि खनाल भेटिए । उनले हामीलाई सेटाङका मगरहरूसित भेट गराइदिए । सेटाङका मगरसित कुरा गर्दा हामीले दमौलीबाट सेटाङ जाने जिप पाइने सूचना पायौँ र हामी दमौलीतिर लाग्यौँ । एउटी थकाल्नीकहाँ काँसका थाल बटुकामा मीठो दाल भात खायौँ अनि बीसघरेको सेती र मादीखोलाको पुल तरेर झापुटारमा जिप चढ्न पुग्यौँ । हाम्रा सौभाग्यले जिप पाइएन, किन भने त्यो उकालो काट्न हामीलाई सजिलो पर्छ कि गाह्रो पर्छ भन्ने कुरो नहिँडी थाहै पाइने थिएन । अनि दामी अनुभव भनेको कुरो नै लिइरहेका बेलामा गाह्रो हुने, पछि सम्झेर ल्याउँदा आनन्द आउने न हो !

सेटाङ पुग्न कति घण्टा लाग्छ भनेर बाटामा भेटेका मान्छेलाई सोध्दै उकालो लाग्यौँ । ती मान्छेले पहिले डेढ घण्टा लाग्छ भने । जति हामी बाटो काट्तै गयौँ, उति उनीहरूको जवाफमा समय बढेर दुई घण्टादेखि पाँच घण्टासम्म पुग्यो । हामी काहुँ शिवपुर गाविसको गैराखुँदी पुग्दा घाम डुब्न आँट्यो । हामीले सेटाङ नपुग्ने निर्णय गर्‍यौँ । खुँदी गाउँका डाँडाखुँदी र गैराखुँदी भन्ने दुइटा बस्ती रहेछन् । कुन चाहिँ गाउँ रोज्ने भन्ने निर्णय माथिकै

bflotj ÷ 3

आधारले गऱ्यो । डाँडाखुँदीमा छेत्री बाहुन र कामी दमाईका घर रहेछन्, गैराखुँदीमा मगरका घरमात्र रहेछन् । डाँडाखुँदी भन्दा गैराखुँदीमा घरहरू पनि धेरै रहेछन् । गैराखुँदीमा दैनिक बोलचालमा मगर भाषा मात्र बोलिने रहेछ । यिनै कारणले गर्दा हामीले झन्डै पचास/साठी ओटा घर भएको गैराखुँदी रोज्यौँ ।

एउटा स्थानीय नेता (दीपक) लाई हामीलाई बास खोजी दिन लगायौँ । उनले स्कुल जस्ता सार्वजनिक भवन रोज्न खोजेको देखेर मैले भने, 'हामी त बरु मगरकै सिकुवा (दलान) मा वास बस्न पाए, मगरकै घरमा गाँसबासको खर्च तिर्न पाए रमाउँथ्यौ ।' दीपकले हामीलाई पहिलेका वार्ड अध्यक्ष लोकबहादुर थापाकै घरमा उनकी श्रीमतीसित कुरा गरेर चाँजो मिलाई दिए ।

गैराखुँदीकै मगरको सिकुवा रोजेकाले हामीलाई धेरै प्रश्नको जवाफ कसैलाई नसोधे पनि थाहा भयो, वक्ताले धक मानेर भन्न सजिलो नमान्ने प्रश्नको जवाफ बटुल्न पनि गारो भएन । प्रश्नावलीमा नभएका संस्कृति र मानव शास्त्रसित सम्बन्धित कुराको जानकारी त्यसै थपियो । त्यसले गर्दा हाम्रो काम छिटो भयो । गैराखुँदीमा दुई बास बसेर पश्चिम स्याङ्जा ताकेर हामी पोखरातिर लम्क्यौँ । जुनसुकै ठाउँको जिआइएस (अक्षांश, देशान्तर र उचाइ) नाप्तै हिँड्ने बानी बसाएर हामी नुहाइ धुवाइ गर्न र भात खान दमौली पुग्यौँ ।

दमौलीबाट पोखरा जान चढेको हाम्रो बस गुणादी पुगेर रोकियो, किन भने त्यहाँ कुनै मान्छेलाई अगाडि कुनै गाडीले ठोक्काएको रहेछ र स्थानीय आमा समूहले चक्काजाम गरिदिएको रहेछ । चक्काजाम 'नयाँ नेपाल' को विकासे संस्कृति भएकाले आफ्नो काममा भाँजो हालेका बेलामा पनि विकासप्रिय नेपालीले रमाउन सिक्नुपर्छ भन्ने हालाबादी राजनीतिक संस्कारलाई पचाएर हामी पनि पिचका बीचमा बस राखेर छेउका घाँसमा पलेँटी मार्न बाध्य भयौँ । केही घण्टाको अड्को सकेर यात्रा टुङ्ग्याउँदा त्यो बास पोखरामा डा. यमनाथ तिमिल्सिनाका घरमा पाहुना लागेर टुङ्ग्याउन हामी बाध्य भयौँ र भोलिपल्ट सखारै स्याङ्जाको गल्याङ ताकेर हिँड्यौँ । गल्याङमा आलमदेवी जाने जिप पर्खिँदा हामीले भात खान भ्यायौँ । बाटाका छेउमा स्याङ्जाको रमणीय खेती हेर्दै आलमदेवी पुग्दा साँझ पऱ्यो ।

आलमदेवीमा देउराली प्राविका प्रधानाध्यापक थमानसिंह रानाको फोन सम्पर्कले मलाई सघायो । रानाजीले हाम्रो बासको चाँजो आलमदेवीका पुजारीका घरमा मिलाइदिए । त्यहाँ सासू पाल्पाकी, बुहारी स्याङ्जाकी रहिछन् । मगर गाउँमा ज्वाइँलाई भान्जा र बुहारीलाई भान्जी साइनो लगाउँछन् भन्ने कुरो तनहुँमा पनि यहाँ पनि बिर्सेकाले म अलिकति अल्मलिएँ । हामीले त्यहाँको मगर भाषाको सामग्री सङ्लन गरेपछि के थाहा भयो भने, हामीले ताकेको आदर्श मगर गाउँ चाहिँ लसर्घा रहेछ, जहाँ मगर भाषामात्र बोल्ने झन्डै दुई सय घर रहेछन् । मेरा हिसाबमा मगर भाषाको सामग्री बटुल्न लसर्घा भन्दा आदर्श गाउँ अरू हुँदैनन् र छैनन् पनि । लसर्घा पनि आलमदेवी गाविसमै पर्ने भएकाले हामी झुक्किएर आलमदेवी पुगेका रहेछौँ । त्यसैले आलमदेवीका पुजारीका घरमा एक बास बसेर हामी लसर्घाका नरबहादुर राना र रिमबहादुर थापाको फोन नम्बर लिएर भोलिपल्ट बिहान आलमदेवीबाट लसर्घातिर ओल्यौँ ।

नरबहादुर राना आलमदेवी गाविसका पूर्व अध्यक्ष पनि रहेछन्, उनको घर गाउँको झन्डै बीचतिर पर्दोरहेछ । नरबहादुर रानाका घरमा हामी दुई बास बस्यौँ । नरबहादुरजीले हामीले भनेजस्ता आदर्श वक्ता उनकै आँगनमा पनि बटुलिदिए । आदर्श वक्ताको घरैसम्म पनि पुऱ्याइदिए र गाउँको भोजनालयमा हाम्रो खाने चाँजो पनि मिलाइदिए । लसर्घाको मगर भाषा मलाई सबभन्दा आदर्श र

bfloTj÷ 4

ऐतिहासिक भाषा विज्ञानका आधारमा सबभन्दा मौलिक लाग्यो । लसर्घाको मगर भाषामा 'म आएँ' भन्न 'ङाऱ्हाङ्', 'तपाईं आउनुभयो' भन्न 'नाऱ्हास्' र 'ऊ आयो' भन्न 'ऱ्हाहा' भन्नुपर्छ भने, अन्यत्रको मगर भाषामा 'ऱ्हाहा' भनेपछि सबैलाई पुग्छ । लसर्घाकै बेहोरा पाल्पाका पिपलडाँडा र आरेभन्ज्याङमा पनि पाइन्छ भन्ने लोकबहादुर थापाको भनाइ छ ।

आलमदेवीको डाँडाको उचाइ झन्डै १२५१ मिटर रहेछ । असोजकै साँझमा पनि त्यहाँ पुग्दा जाडै भएको अनुभव भएर आफूसित भएका बाक्ला लुगा थप्नुपरेको थियो । त्यस डाँडाबाट हेर्दा पश्चिम स्याङ्जाको त्यो भेग तीन तिरबाट कालीगण्डकीले घेरेको देखियो । कालीगण्डकी वारि स्याङ्जा, पारि एकातिर गुल्मी र अर्कातिर पाल्पा रमणीय देखिए । यसरी कालीगण्डकीले तीनतिर छेकेकाले पनि पश्चिम स्याङ्जाको यस भेगमा मगर भाषाको मौलिकता जोगिएको रहेछ भन्ने बुझियो । लसर्घाको काम सकेर हामी पैदल हिँडेरै कालीगण्डकीको पुल तरेर बस चढ्न गुल्मीको रुद्रवेणी पुग्यौं । त्यहाँ डा. पारसमणि भण्डारीकी एउटी बहिनीको पसलमा बस पर्ख्यौं र जिउ पूरै झाङ्गलझुङ्गल पार्ने बस यात्रा गरेर गुल्मीको रिडी हुँदै रिडीखोला तरेर पाल्पा पस्यौं र तानसेनको अमृत होटलमा बास बस्न पुग्यौं ।

पश्चिम पाल्पाका मगरहरू मगर भाषा बोल्न जान्दैनन् । पूर्वी पाल्पा (सिद्धार्थ राजमार्ग पूर्व) का फोक्सिङकोट, पीपलडाँडा, सरापकोट, आदि गाउँका मगरहरू मात्र मगर भाषा बोल्न जान्दछन् । पूर्वी पाल्पाको कुन गाउँलाई हाम्रो अध्ययनको थलो बनाउने भन्ने कुरो तानसेनका रैथानेहरूसँग कुराकानी गरेर फोक्सिङकोट जाने निधो गऱ्यौं, तर दुर्भाग्यवश भोलिपल्ट गाडी फोक्सिङकोट गएन । अनि मैले रमेश र इन्द्रेश दुवै जनालाई नवलपरासीको अरूणखोलामा ओर्लेर भेडाबारी जस्तो कुनै आदर्श मगर गाउँमा अध्ययनका लागि पुग्ने, अरूणखोलामै फोक्सिङकोटका मगरहरूसित एउटा अन्तरक्रिया गरेर प्रश्नावली भर्ने र त्यसपछि सुर्खेत र दैलेखको मगर भाषाको लगत बटुल्न रमेश खत्रीलाई अनि सिन्धुली र उदयपुरको मगर भाषाको लगत बटुल्न इन्द्रेश ठाकुरलाई पठाएर म चाहिँ तानसेनबाटै काठमाडौं फर्कें ।

मगरातको यो फेरो मार्दा के कुरो थाहा भयो भने, मगर गाउँमा त्यति चोरी लाग्दो रहेनछ । अनि मगरहरू गीत गाउनु पर्दा र चिठी लेख्नु पर्दा नेपाली भाषा नै रोज्दा रहेछन् । लसर्घामा बाटो हिँड्दा एउटी अधबैंसेलाई मैले भने, यी मगर गाउँका कुकुर पनि कति भलाद्मी ! भुक्तैनन् !" उनले प्रत्युत्पन्नमति जवाफ दिइन्– यी पनि सोझा होलान् नि, मगर जस्ता !"

❖❖❖

uhn

■ ufkLs[0f 9ªufgf

जन्मेपछि मर्नेपर्छ किन मान्छौ डर ?
'स्वार्थी' बुझी दुनियाँको किन पर्छौ भर ?

अघाउञ्जेल खाऊ किसान, बाँकीमात्र बेच,
अरूलाई पोस्ने भए आफू भोकै पर ।

लुगा सिउने दर्जी दाइ, लगाऊ आफू टन्न,
होइन भने नाङ्गो बनी सेवामात्रै गर ।

जुत्ता सिउने सार्की दाइ खुट्टा किन खाली ?
आराम अरूलाई भए तिमी बसाइ सर ।

घर बनाई कर्मी दाइ सुख कति बाँड्छौ ?
रात दिन खटे पनि छैन तिम्रो घर ।

काव्यकुञ्ज, गट्ठाघर, भक्तपुर

bflo Tj ÷ 5

nv

g]kfnL ofqf;flxTosf pb\ejsfnLg bO{s[tsf] ;aNlfKt cWoog

■ lgdfÆL Jof;

१ विषय प्रवेश

यात्राको गतिसँगै प्रवाहित हुँदै यात्रागत वस्तुतथ्यसित यात्राकारको निजात्मक राग र अनुभूतिलाई समन्वित तुल्याएर उन्मुक्त र आल्हादक शैलीमा आत्मपरक ढङ्गबाट निबन्धात्मक स्वरूपमा सजीव रूपले प्रस्तुत गरिने यथार्थपरक सिर्जनात्मक गद्य लेखन नै यात्रासाहित्य हो । गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, आत्मीयता, कल्पनाप्रवणता र चित्रात्मकता यात्रासाहित्यका मूलभूत तत्त्व हुन् । त्यस्तै कौतूहल, रोचकता,रसात्मकता, भावात्मकता र स्वच्छन्दता यसका अपरिहार्य गुण हुन् ।

नेपाली साहित्यमा निजात्मकता र अनुभूतिको प्रवाहले भरिएको यात्रावर्णन उत्कृष्ट यात्रालेखनका तात्पर्यमा 'नियात्रा' संज्ञाबाट पनि सुपरिचित र लोकप्रिय रहेको छ । आत्मरागरञ्जित र अनुभूतिप्रबल यात्रावर्णन भएको हुँदा यसमा यात्रागत वस्तुतथ्य लेखकीय आत्मपरकतासित एकाकार भएको हुन्छ । यात्रासाहित्य विश्वसाहित्यमा लामो समयदेखि प्रचलित हुँदै आएर प्रतिष्ठित समेत भइसकेको छ र नेपाली साहित्यमा पनि यो लामो समयदेखि लेखिँदै आएर समृद्ध र लोकप्रिय समेत भइसकेको छ ।

पूर्वीय र पाश्चात्य साहित्यमा प्राचीन कालदेखि नै आख्यानात्मक र काव्यात्मक ग्रन्थहरूमा यात्रावर्णनको उपस्थिति पर्याप्त मात्रामा पाइए पनि लेखकद्वारा गरिने आत्मभोगभुक्त जीवनको यात्रापरक अभिव्यक्तिका रूपमा यस लेखनको उदय निकै पछि भएको हो । साहित्यमा विधागत अस्तित्व लिएर त यो झन् पछि मात्र आएको हो । त्यसैले अधुनातन विश्वसाहित्यमा 'यात्रासाहित्य' नामले परिचित यो लेखन नव गद्य लेखन हो ।

पूर्वीय जगत्मा अनादिकालदेखि प्रचलित यात्रा-परम्परा, संस्कृत वाङ्मयका वैदिक, औपनिषदिक, पौराणिक र ललित साहित्यअन्तर्गतका अनेक काव्य र आख्यान-ग्रन्थहरूमा चिरकालदेखि प्रस्तुत हुँदै आएको यात्राविषयक चिन्तन, मान्यता र यात्राको महिमा-गान, लेखकका स्वकीय अनुभवाश्रयी र कल्पनाश्रयी समेत सजीव एवं आकर्षक वस्तुपरक यात्रावर्णनहरूका साथै स्वयं यात्राप्रिय नेपाली लोकजीवन, तिनका धार्मिक, सांस्कृतिक, व्यावसायिक, व्यापारिक, शैक्षिक यात्रा, प्राकृतिक रहस्यहरूविषयक खोजमूलक यात्रा तथा उल्लास-आनन्दका निम्ति गरिने स्वच्छन्द यात्रा आदि सभ्यताको उषा कालदेखिका असङ्ख्य यात्रैयात्राले भरिएको समृद्ध नेपाली लोकसाहित्य एवं अनेक शासक, प्रशासक र सैन्यहरूका वीरतापूर्ण युद्धयात्रा, विजययात्रा र सिकारयात्राले परिपूर्ण गाथाहरू वा तिनका प्रमाणका रूपमा असङ्ख्य भुर्जपत्र, शिलापत्र, ताम्रपत्र र कनकपत्रहरूमा सुरक्षित लिपिबद्ध सामग्री आदि उपर्युक्त सबैसित अभिन्न अङ्गका रूपमा सर्वथा अविभाज्य ढङ्गले सम्बन्धित रहेको यात्राको सुदीर्घ आधारभूमिमा नेपाली यात्रा साहित्यिक लेखनको प्रयास विक्रमी सोह्रौं शताब्दीमा असचेत रूपमै आरम्भ भएको पाइन्छ । यसरी प्रारम्भ भएको नेपाली यात्रा-

लेखन आधुनिक कालीन पाश्चात्य साहित्यको विशेष सम्पर्क र प्रभावबाट अधुनातन विश्वसाहित्यमा विधागत रूपले नव्य गद्य लेखनको एक भेदका रूपमा अर्थिने 'यात्रा साहित्य'को स्वरूप प्राप्त गरी नेपाली यात्रा-लेखनको परम्परा क्रमशः विकसित समेत हुँदै आएर आज आधुनिक साहित्यका क्षेत्रमा आफ्नो स्वतन्त्र र विशिष्ट पहिचान बनाउन सक्षम भएको छ ।

यस लघु लेखमा नेपाली यात्रासाहित्यको उद्‌भवकालीन दुई कृति **राजा गगनिराजको यात्रा** (बेनामी) तथा पं. गदाधर पाध्या सुवेदीको "अर्जीपत्र" बारे संक्षिप्त चर्चा गरिँदै छ ।

२. कृतिगत चर्चा

२.१ राजा गगनिराजको यात्रा

नेपाली साहित्यमा यात्रासाहित्य लेखनको प्रारम्भबिन्दुका रूपमा हालसम्म विद्वान्‌हरूद्वारा पूर्णप्रकाश नेपाल यात्रीद्वारा अन्वेषित-सम्पादित **राजा गगनिराजको यात्रा** (बेनामी) लाई मानिदै आएको पाइन्छ । **राजा गगनिराजको यात्रा** कर्णाली प्रदेश (वर्तमान कर्णाली अञ्चल) अन्तर्गत मुगु, शिवपुरी वर्तमान शिरकोट वा श्रीकोटका राजा गगनिभुमको मूलतः भूमिदान, साँध-सिमानाको अङ्कन, न्यायनिसाफ एवं अधीनस्थ राज्यबाट कर असुली सम्बन्धी स्रेस्तेवार शासनिक अभिलेख हो । यसमा गगनिराजका पूर्ण र अपूर्ण गरी दुईओटा यात्राप्रसङ्ग उल्लिखित छन् । तीमध्ये मुस्ताङका राजाबाट प्राप्त हुन बाँकी रहेको बाह्र वर्षदेखिको निर्धारित कर असुल-उपर गर्ने उद्देश्यले गगनिराजले शिवपुरीस्थित आफ्नो दरबारबाट प्रस्थान गरेर गाउँठाउँमा बास बस्तै, स्थानीय जनहरूबाट ल्याइएका विविध उपहार स्वीकार गर्दै र कतै कर छुटसमेत गर्दै मुस्ताङको च्याबर्नु गुम्बासम्मको यात्रा गरेको र कार्यसम्पादन पश्चात् त्यहाँबाट आफ्नो दरबारसम्म फिर्ती यात्रा गरेको प्रसङ्ग नै उक्त कृतिमा पाइने गगनिराजको मूल यात्रा-प्रसङ्ग हो । त्यस यात्रा-प्रसङ्गमा बन्दोबस्तीका सामान बोक्ने भान्से, भरिया र अन्यसमेत गरी जगवीर रावल, राक्से थापा, बोक्से थापा, कालु कठायत, कालु बडुवाल, जयप्रकाश जोसी सिमखडा, कल्पुराना रावल, काजी बम र कालु राना रावल आदि सहयोगीहरूका दलबलसहित राजा गगनिराजले शिवपुरीदेखि यात्रा आरम्भ गरेको, जलजलामा पुगेर राउटी हाली पहिलो बास बसेको, त्यहाँबाट प्रस्थान गरी चन्दननाथेश्वरको दर्शन गरेर दोस्रो बास गुर्ज्याकोटमा तिन दिनसम्म बसेको, तदनन्तर त्यहाँबाट अघि बढेर मनिकुडीमा चार दिन बसेको, मनिकुडीबाट काइगाउँ र काइगाउँबाट तिपुराकोट पुगी त्रिपुरा सुन्दरीको दर्शन गरेको, तिपुराकोटबाट हिँडेर तरालकोटमा पुगी बसेको, तरालकोटबाट मुस्ताङको च्याबर्नु गुम्बामा पुगी त्यहाँ बाह्र दिन बसेर मुस्ताङका भोटे राजा च्यामजुराजले चारओटा घोर्ले खसी एकै छप्कामा काट्न सके मात्र कर बुझाउने नत्र उल्टै आफूले गगनिराजको जिउ-ज्यान लिने भनी अघि सारेको शर्त गगनिराजका साथ गएका वीर कालु राना रावलबाट द्यौवीरे चौतारीमा भेला भएका सबैका सम्मुख वीरतापूर्वक पूरा गरिएपछि मुस्ताङे राजाले हार स्वीकार गरेर कर बुझाएको र त्यसरी असुल्नु पर्ने जति कर असुल-उपर गरेर गगनिराज फिर्ती यात्राका क्रममा आएकै बाटो गरी अघि लागेर उनै उनै स्थानमा बास बस्तै, कतै कर छुट गर्दै, कतै कसैलाई थला थमौती गरिदिँदै त्रिपुरा सुन्दरी र चन्दननाथको पुनः दर्शन गरी शिवपुरी आइपुगेर उक्त करको रकम उनले दरबारको ढुकुटीमा दाखिल गरेसम्मको प्रसङ्ग नै **राजा गगनिराजको यात्रा** नामक कृतिमा पाइने गगनिराजको प्रथम र मूल यात्रा-प्रसङ्ग हो ।

यसका अतिरिक्त उक्त कृतिमा गगनिराजकै अर्को नौखुवा अछामको यात्रा-प्रसङ्गको पनि

वर्णन पाइन्छ । तर त्यो पूर्वोक्त यात्रा-प्रसङ्गभैं यात्रात्मकताका दृष्टिले परिपुष्ट र सबल देखिँदैन ।

यस कृतिमा यात्रा साहित्यिक कृतिका निम्ति आवश्यक साहित्यिक तत्त्व आंशिक रूपमा त्यसमा पनि अझ मुस्ताङे राजाले राखेको शर्त पूरा गर्न अघि सरेका कालु राना रावलले भात खाएर पछ्यौरा फेरी दाँतमा सुपारी च्यापेर हातको छुरी घुमाएर द्यौवीरे चौतारीमा सबका सामु चारवटा घोर्ले खसी वीरतापूर्वक एकै छप्कामा ढालेको प्रसङ्गको निम्नानुसारको वर्णनमा पाउन सकिन्छ ।

"... कालुराना राउलले भात षाई बप्तको पछिउडा फेऱ्याभइछ बगम्मरि कालिम भयाभैछ धौविऱ्या चौथारामा समिलभ याभैछ : कराउल अघि सऱ्या भैछ दात्रा हात छुरि माग्या भैछ : वाउ हात च्युमिलो च्येप्या भैछ : दन्त सुपारी च्येप्या भैछ : सरन षेल्या भैछ ४ मन्टा १६ खुट्टा येकाफिराउन फाल्या भैछ ..."[१]

मन्तव्य, सम्पादकीय भूमिका मूलपाठको चित्रप्रतिलिपि, त्यसको शब्दप्रतिलिपि र शब्दानुवाद समेत गरी २०+६०+१३३ पृष्ठमा विस्तारित ग्रन्थको मूल पाठका जम्मा सोह्रवटा चित्र प्रतिलिपि पाइन्छन् र ती क्रमश : शब्द प्रतिलिपिमा दश तथा शब्दानुवादमा बाह्रओटा पृष्ठमा सीमित देखिन्छन् । यस प्रकार उक्त कृति आयतनका दृष्टिले मूल रूपमा स्थूलकाय नभएर लघुकाय देखिन्छ । खण्डित अवस्थाको हुँदा लघु कलेवरको देखिएको र परिपूर्ण रूपमा त्यो दीर्घ कलेवरको पनि रहेको हुनसक्ने अनुमान त्यसका अन्वेषक-सम्पादकले गरे पनि यथार्थत: उपलब्ध रूपमा त्यो लघुकाय नै भएको हुँदा त्यसलाई त्यसै रूपमा लिइनु युक्तिसङ्गत हुन्छ । यसमा प्रस्तुत भाषा-शैलीमा अभिलेखकालीन गद्यको स्वभाव पाइन्छ ।

उक्त कृति तत्सम्बन्धी अन्य सामग्रीहरूका साथ सर्वप्रथम ग्रन्थाकारमा नै वि.सं. २०३९ सालमा काठमाडौं स्थित 'नेसनल रिसर्च एसोसिएट्स' नामक संस्थाबाट प्रकाशित छ । यात्रीले यसको लेखोट आदि र अन्त्य भाग खण्डित रूपमा उपलब्ध भएको तथ्य 'सन्दर्भ आमुख' शीर्षक आफ्नो सम्पादकीय भूमिकामा उल्लेख गरेका छन् ।[२] आदि र अन्त्य भाग खण्डित रूपमा उपलब्ध तथा कृतिकार र रचनाकाल अज्ञात रहेको उक्त कृतिको लेखनवर्ष विषयक निर्णयका निम्ति यात्रीले गगनिराजसित सम्बन्धित तर तिथिमिति अस्पष्ट र अपुष्ट रहेको अन्य कुनै उपलब्ध लेखोटमा आधृत भएको चर्चा गरेका छन् ।[३] लेखोटलाई मनोगत रूपले आधार तुल्याएर **राजा गगनिराजको यात्रा**को लेखन वर्षका रूपमा उक्त ग्रन्थको मूलपाठको शब्द प्रतिलिपि, चित्र प्रतिलिपि लगायत यत्रतत्र शाके १४१५ वि.सं. १५५० को उल्लेख गरेका छन् । परन्तु उक्त ग्रन्थमा लेखनवर्षको उल्लेख गरिएको पृष्ठ सङ्ख्या ५९ को मूल पाठको पहिलो पृष्ठका रूपमा रहेको चित्रसङ्ख्या २ को संलग्न फोटो प्रतिलिपिमा विम्बित हस्तलिपि[४] तथा मूलपाठको अन्तिम पृष्ठका रूपमा रहेको चित्रसङ्ख्या ६९ को प्रतिच्छविको हस्तलिपि[५] समेत ग्रन्थमा संलग्न अन्य चौधओटा पृष्ठमा भन्दा सुस्पष्ट र नितान्त रूपले भिन्नै रहेको हुँदा यात्रीले ग्रन्थमा उल्लेख गरेको उक्त लेखोटको रचनाकाल विचारणीय देखिन्छ ।

---

१ पूर्णप्रकाश नेपाल यात्री, (सम्पा.), **राजा गगनिराजको यात्रा**, पूर्ववत्, पृ. ६२ ।

२ पूर्ण प्रकाश नेपाली यात्री, **राजा गगनिराजको यात्रा,** (काठमाडौं : नेसनल रिसर्च एसोसिएट्स, २०३९), पृ. ५१ ।

३ ऐजन ।

४ ऐजन, पृ. मूलपाठको प्रतिच्छवि चित्र सङ्ख्या २ ।

५ ऐजन, पृ. मूलपाठको प्रतिच्छवि चित्र सङ्ख्या १७ ।

यस सन्दर्भमा योगी नरहरिनाथद्वारा अन्वेषित र वि.सं. २०१३ मा प्रकाशित राजा गगनिराजसित सम्बद्ध तथा पूर्णप्रकाश नेपाल यात्रीले प्रकाशित गरेको भन्दा भिन्न लेखोट स्मरणीय छ। योगी नरहरिनाथद्वारा अन्वेषित, सुर्खेत गोठीकाँडा जि. हरिलाल पन्थको घरमा उपलब्ध र **इतिहास प्रकाश** अङ्क २, भाग १ मा प्रकाशित 'गोरखा लमजुङ रागिनासटारबाट सुर्खेत आयेका पन्थहरूको नामावली' शीर्षक लेखमा योगीले गोरखा लमजुङ रागिनासटारबाट सुर्खेत आएका पन्थहरूको वंशावलीसँगै गगनिराजद्वारा कनौजिगढ-ल्हासा च्यापनु गुम्बा, सार्पु गङ्गा, भट्याचौर कर्णाली हुँदै गरिएको छिनासिमसम्मको यात्राका क्रममा धन महत्र, जस महत्र र बम महत्र आदि अनेक व्यक्तिलाई गरिएको भूमिदान, जनै दान आदि दान-दातव्यसित सम्बन्धित लेखोटसमेत प्रस्तुत गरेका छन्।[६] गगनिराजको वृत्तान्तको उक्त लेखोटको शिरोभागमा "श्री साके १५१६ श्री सम्वत् १६१७" भनी लेखनवर्षको उल्लेख गरिएको छ।[७] उक्त लेखोटमा शकसंवत् र श्री सम्वत् (विक्रम संवत् ?) को गणना उक्त दुई संवत् बिचको वर्षान्तरका दृष्टिले त्रुटिपूर्ण भए पनि प्राचीन कालीन नेपाली वाङ्मय-ग्रन्थहरूमा शक संवत्कै अधिक प्रचलन पाइने भएको हुँदा उक्त वृत्तान्तको लेखोटमा उल्लिखित शकसंवत् नै प्रामाणिक हुने र शक संवत्भन्दा विक्रम संवत् १३५ वर्ष अगाडि हुने हुँदा शक संवत् १५१७ का अनुसार उक्त लेखोट वि.सं. १६५१ को सिद्ध हुने देखिन्छ।

योगीले आफूले प्राप्त गरेको गगनिराजको वृत्तान्त सम्बन्धी उक्त लेखोट साना अक्षरमा ७० पङ्क्तिमा विस्तारित रहेको र त्यस लेखोटको एक प्रति नकल जुम्ला सिंजाका लाहार्ज रङ्गवीर साहीसँग भएको देखेर त्यसमा रुजु गरी हेर्दा त्यो यथावत् मिलेको उल्लेख गरी उक्त लेखोट पूर्णतया प्रमाणित भएको आशय अभिव्यक्त गरेका छन्।[८]

त्यस्तै अन्वेषक योगी र यात्री दुवैले प्रकाशित गरेका एउटै व्यक्ति राजा गगनिराजका दुई भिन्न वृत्तान्तमा पाइने शब्दभण्डार, वाक्यगठन आदि भाषाशैलीगत समानताका आधारमा कुनै एउटै व्यक्तिको शासनकाल १०१ वर्षको हुनु सर्वथा असम्भव हुने हुँदा समेत दुवै वृत्तान्तका लेखक कुनै एउटै व्यक्ति भएको प्रतीत हुन्छ।

पूर्णप्रकाश नेपाल यात्रीले प्रकाशमा ल्याएको समय वि.सं. २०३९ भन्दा छब्बिस वर्षपूर्व वि.सं. २०१३ मा नै योगीनरहरिनाथले प्रकाशमा ल्याइसकेको गगनिराजको वृत्तान्तको उक्त लेखोटबारे पूर्णप्रकाशद्वारा अन्वेषित-सम्पादित ग्रन्थ **राजा गगनिराजको यात्रा** (२०३९) मा कतै कुनै चर्चा गरिएको पाइँदैन। यसबाट योगीद्वारा अन्वेषित-प्रकाशित उक्त सामग्रीमाथि यात्रीको दृष्टि नै नपुगेको वा त्यसप्रति उनको पूर्ण उपेक्षाभाव रहेको स्पष्ट हुन्छ। अतः **राजा गगनिराजको यात्रा** अन्वेषक यात्रीले प्रकाश-प्रचारमा ल्याएको र नेपाली भाषा र साहित्यका अधिसङ्ख्य विद्वान्हरूद्वारा मानिँदै समेत आए अनुसारको शकसंवत् १४१५ (वि.सं. १५५०) को कृति नभएर योगी नरहरिनाथले प्रकाशमा ल्याएअनुसारको शकसंवत् १५१६ वि.सं. १६५१ को कृति मान्नु युक्तिसङ्गत हुने देखिन्छ।[९] वेदव्यास उपाध्यायद्वारा त्रि.वि.बाट **नेपाली**

६ योगी नरहरिनाथ, "गोरखा लमजुङ रागिनासटारबाट सुरषेत आयेका पन्थहरूको वंशावली", **इतिहास-प्रकाश,** अङ्क २, भाग १ (काठमाडौं : इतिहास-प्रकाश सङ्घ मृगस्थली गोरक्षपीठ, २०१३), पृ. ३५३-३५७।

७ ऐजन, पृ. ३५३।

८ ऐजन, पृ. ३५७।

९ व्रतराज आचार्य, "प्राचीन नेपाली वाङ्मय-ग्रन्थ", **वाङ्मय,** पूर्णाङ्क ८, (काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, वि.सं. २०५५-५६) पृ. ५२-५८।

यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन शीर्षकमा विद्यावारिधि सम्बन्धी शोधकार्य गर्ने क्रममा ज्योतिर्विद् एवं इतिहासकार प्राध्यापक दिनेशराज पन्तज्यूलाई उक्त दुवै कृतिहरूको लेखनकाल सम्बन्धी उल्लिखित वर्षहरूको कालगणनाका निम्ति अनुरोध गरिंदा श्री पन्तज्यूबाट २०६४ फागुन २७ का मितिमा गरिएको गणनाअनुसार ती दुवै कृतिमा लेखन वर्षका रूपमा प्रस्तुत शक संवत् र विक्रम संवत्अनुसारका तिथिमितिहरू त्रुटिपूर्ण र अमिल्दा रहेको पाइनाले त्यो पनि विचारणीय नै देखिन्छ । विद्वान् पन्तको उक्त कालगणना सम्बन्धी प्रतिवेदन उपाध्यायको शोधप्रबन्ध (२०६६) को परिशिष्ट खण्डमा प्रस्तुत गरिएको छ र त्यो निम्नानुसार छः–

योगी नरहरिनाथद्वारा प्रकाशित इतिहास-प्रकाशमा "श्रीसाके १५१६ श्रीसम्वत १६१७ साल मासे ७ तिथौ १ वासरे ४ नछेत्रे १३ करने ३ मोत्रे ७" मिति दिइएको सामग्री छ । श्री पूर्णप्रकाश नेपाल यात्रीद्वारा प्रकाशित राजा गगनिराजको यात्रामा "श्रीसाके १४१५ मासे कार्तिक तिथौ ८ वासरे २ नक्षत्रे १ करने २ मोहोत्रे ७ लग्ने ८" मिति दिइएको सामग्री छ । विद्यावारिधि (पी-एच.डी.) निमित्तक आफ्नो शोधग्रन्थको लागि उपप्रा. वेदव्यास उपाध्यायले यसको गणना गरिदिन अनुरोध गर्नुभयो र गणना गर्दा आएको नतिजा यस प्रकारको छ ।

शाके १५१६ संवत् १६१७ लेखिएकोमा यो मिलेन भन्ने स्पष्ट छ । शाकेमा १३५ जोडेपछि विक्रमसंवत् हुने हुनाले पहिले वि.सं. १६५१ मानी गणना गरियो । महीनामा मासे ७ मात्र लेखी शुक्ल वा कृष्ण नलेखिएकोले शुक्ल वा कृष्ण दुवै मानी गणना गरियो । वि.सं. १६५१ कार्तिक शुक्ल प्रतिपद् मानी गणना गर्दा शनिवार आयो, तर मूलमा वासरे ४ भनी बुधवार जनाइएकोले यो मिलेन । वि.सं. १६५१ कर्तिक कृष्ण प्रतिपद् मानी गणना गर्दा शुक्रवार आयो, यो मिलेन । अमान्तमान मानी गणना गर्दा मिल्छ कि भनी गणना गर्दा शनिवार आयो, यो पनि मिलेन । वारै नमिलेपछि नक्षत्र, करण आदिको विचार गर्ने बाटै रहेन ।

शाके १५१६ मानी गणना नमिलेपछि वि.सं. १६१७ मान्दा गणना मिल्छ कि भनी विचार गरियो । वि.सं. १६१७ कार्तिक शुक्ल प्रतिपद् मानी गणना गर्दा आदित्यवार आयो, मिलेन । कार्तिककृष्ण प्रतिपद् मानी गणना गर्दा शनिवार आयो, मिलेन । अमान्तमान मानी गणना गर्दा सोमवार आयो, मिलेन । नक्षत्र, करण आदिको विचार गर्ने त ठाउँ नै रहेन ।

शाके १४१५ अर्थात् वि.सं. १५५० मा पनि मासे कार्तिक मात्र लेखिएकोले यहाँ पनि शुक्ल पक्ष, कृष्ण पक्ष दुवैबाट गणना गरियो । वि.सं. १५५० कार्तिक शुक्ल अष्टमीमा शुक्रवार आयो, तर मूलमा वासरे २ भनी सोमवार जनाइएकोले यो मिलेन । वि.सं. १५५० कार्तिक कृष्ण अष्टमीमा बृहस्पतिवार आयो, यो मिलेन । अमान्तमान मानी गणना गर्दा शनिवार आयो, यो पनि मिलेन । बारै नमिलेपछि नक्षत्र, करण आदिको कुरै भएन ।

माथिका यी कुराबाट यी सामग्रीमा दिइएका मितिमा केही तल माथि परेको छ भन्ने स्पष्ट हुन्छ । संवत् मिलेर महीना, वार आदि नमिलेका पनि हुन सक्छन् । संवत् नमिलेर महीना, वार आदि ठीक पनि हुन सक्छन् । जे भए तापनि पूर्वसूरिहरूले पढेको पाठ पूर्ण रूपमा शुद्ध छैन र यिनको शुद्धिको लागि मूलसम्मै पुग्नु पर्ने आवश्यकता छ भन्ने कुरा स्पष्ट छ । – दिनेशराज पन्त २०६४ । ११ । २७ ।[१०]

१० वेदव्यास, उपाध्याय, **नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, (२०६६), पृ.३९०–३९२ ।

वेदव्यास, उपाध्याय, नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, (२०६६), पृ. ३९०–३९२ ।

तसर्थ प्रामाणिक रूपमा अर्को सामग्री फेला नपरुन्जेलसम्म पूर्णप्रकाश यात्रीद्वारा अन्वेषित-सम्पादित कर्णाली प्रदेशका खस राजा गगनिराजको शासकीय अभिलेख **राजा गगनिराजको यात्रा** (बेनामी)लाई नै नेपाली यात्रासाहित्यको बीजविन्दुका रूपमा लिन सकिन्छ । साथसाथै नेपाली साहित्यमा यसबारे अझै गहन अध्ययन-अनुसन्धान आवश्यक देखिन्छ ।

राजा गगनिराजको यात्रा पूर्णप्रकाश नेपाल यात्रीद्वारा अन्वेषित-सम्पादित तथा काठमाडौं स्थित नेसनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट वि.सं. २०३९ सालमा ग्रन्थाकारमा प्रकाशित आदि र अन्त्य भाग अनुपलब्ध अपूर्ण वा खण्डित कृति हो । यसको लेखोट कर्णाली अञ्चल मुगु जिल्लाको कार्कीबाडा गाउँका कालाखुरी रावलको घरमा उपलब्ध भएको हो । अन्वेषक-सम्पादकद्वारा यसको रचना वि.सं. १५५० तिर भएको अभिमत प्रकट गरिए पनि कृति आदि र अन्त्य भाग खण्डित रूपमा उपलब्ध भएको हुँदा उक्त लेखोटको रचनाकालको बारेमा सम्पादकले अघि सारेको वि.सं. १५५० तिर भन्ने अभिमत अपुष्ट र अप्रामाणित देखिन्छ । त्यस्तै यात्रीले लेखकको नाम नखुलेको उक्त कृति करवीर रावल नामक व्यक्तिद्वारा लेखिएको हुन सक्ने[११] र अझ गगनिराजको उक्त यात्रामा सम्मिलित भएर यात्रा कालमा नै लेखिएको हुन सक्ने भन्ने सम्पादकीय अभिमत प्रकट गरेको पाइन्छ ।[१२] परन्तु कल्याल रावल वंशावलीका अनुसार करवीर रावल नामका व्यक्ति कल्याल रावल वंशको ५८ औं पुस्ताका भएको र जुम्लाका कल्यालवंशी प्रथम राजा बलिराज रावल उक्त वंशको ५९ औं पुस्ताका भएको ज्ञात हुन्छ ।[१३] यस प्रकार करवीर रावल बलिराज रावलभन्दा एक पुस्ता जेठा र नातामा बलिराजका काका पर्ने देखिन्छन् । यदि यिनै करवीर रावलले विवेच्य कृति **राजा गगनिराजको यात्रा** लेखेका हुन् भन्ने मान्ने हो भने **गगनिराजको यात्रा**लाई वि.सं. १५५० तिरकै कृति मान्दा पनि करवीर रावल राजा गगनिराजभन्दा एक शतक भित्रका पूर्ववर्ती देखिन आउँछन् र कालक्रमका आधारमा उक्त मत स्वतः खण्डित हुन आउँछ उक्त कृति वि.सं. १६५१ को मानिँदा त झन् करवीर रावल गगनिराज भन्दा दुई शताब्दी पूर्वका सिद्ध हुन्छन् र त्यो कृति उनको हुनु सर्वथा असम्भव सिद्ध हुन्छ । अथवा गगनिराजका समकालीन अर्का कुनै करवीर रावलले लेखेको हुन सक्ने भन्ने यदि यात्रीको अभिमत हो भने पनि ग्रन्थको सम्पादकीयमा यात्रीले उक्त विषयबारे ठोस आधार प्रस्तुत गरेको पाइँदैन ।

२.२ गदाधर पाध्या सुवेदी को "अर्जीपत्र"

नेपाली यात्रा साहित्यको आरम्भबिन्दुकै चर्चाका क्रममा **राजा गगनिराजको यात्रा**का साथै राजाराम सुवेदीद्वारा अन्वेषित र **भारद्वाज** पत्रिकामा वि.सं. २०५९ मा प्रकाशित "गदाधर पाध्या सुवेदीको अर्जीपत्र"को चर्चा पनि अपरिहार्य देखिन्छ ।[१४] अन्वेषक सुवेदीद्वारा "सुवेदीहरूका मूलको खोज" शीर्षक लेखको परिशिष्टअन्तर्गत

११ पूर्णप्रकाश नेपाल यात्री, (सम्पा.), **राजा गगनिराजको यात्रा**, पूर्ववत्, पृ. २१ ।

१२ ऐजन, पृ. ४० ।

१३ रत्नाकर देवकोटा, **वृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना**, (काठमाडौं : कुमार खड्ग प्राइवेट स्टडिज, कमलादी, २०६४), पृ. ४११, ४९९ ।

१४ राजाराम सुवेदी, "सुवेदीहरूका मूलको खोज", **भारद्वाज,** प्रवेशाङ्क (विराटनगर : सुवेदी सेवा समाज, २०५९), पृ. १०५-११८ अन्तर्गत ११५-११८ ।

प्रस्तुत उक्त गदाधर पाध्या सुवेदीको अर्जीपत्र आयतनका दृष्टिले मुद्रित रूपमा डिमाइ आकारको जम्माजम्मी चार पृष्ठमा विस्तारित लघुकाय कृति भए पनि पूर्णतया यात्राकेन्द्री, निजात्मकता अन्वित र साहित्यिक मूल्ययुक्त छ । कास्की राज्यका राजगुरु रहेका गदाधर पाध्या सुवेदीले कास्कीका राजा राजसाहीको आज्ञाअनुसार राजकुमार नारायण साहीको विवाहका निमित्त योग्य राजकन्याको खोजीका उद्देश्यले कास्कीबाट तीर्थयात्रीका रूपमा मानसरोवर कैलाश गएर फर्कने क्रममा क्रमश : डोटी, बझाङ, बाजुरा, जुम्ला, दुल्लु, दैलेख, जाजरकोट, सल्यान, प्यूठान, अर्घाखाँची, गुल्मी, धुर्कोट, इस्मा, गल्कोट, बेनी र पर्वत गरी सोह्र-सत्रओटा राज्यको यात्रा गरेर ती-ती राज्यका राजकन्याहरूको निरीक्षण पश्चात् आफूलाई सुम्पिएको उक्त कार्यको सम्पादन-प्रतिवेदनका रूपमा आत्मपरक शैलीमा राजालाई उक्त अर्जीपत्र लेखेको देखिन्छ । कृतिमा लेखनकालको उल्लेख कतै पनि गरिएको पाइँदैन । यसरी उक्त अर्जीपत्रको लेखनवर्ष अज्ञात र अस्पष्ट भए पनि कृतिमा आधारित भएर यसको रचनाकालबारे मनन गर्दा यसका कृतिकार गदाधर पाध्या सुवेदीलाई यात्राका निम्ति आज्ञा दिने र गदाधरद्वारा आज्ञानुसारको कार्य सम्पादन गरी त्यसको प्रतिवेदनका रूपमा लिखित त्यस उक्त अर्जीपत्रका अधिकारी कास्कीका राजा राजशाहीको शासनकालको आरम्भ वर्ष वि.सं. १५८४ र अन्तिम वर्ष १६३४ भएको हुँदा उक्त कृति त्यसै अवधि बिचको कुनै वर्षको रचना भएको र १५८४ भन्दा अघिको वा १६३४ भन्दा पछिको त हुनै नसक्ने तथ्य निश्चित र सुस्पष्ट छ । र गदाधर पाध्याको उक्त अर्जीपत्रका अधिकारी कास्कीका राजा राजसाही (कुलमण्डन शाहका नाति र जलाल शाहका छोरा) को शासनकाल वि.सं.१५८४-१६३४ भएको अन्वेषक सुवेदीद्वारा उक्त लेखमा उल्लिखित छ ।[१५] यस सन्दर्भमा सुवेदीले आफ्नो इतिहास ग्रन्थ **कास्की राज्यको इतिहास** (२०६०) मा पनि उक्त अवधिकै उल्लेख गरेको पाइन्छ ।[१६] अन्वेषक सुवेदीले "सुवेदीहरूका मूलको खोज"मा राजकुमार नारायण शाहीको विवाह वि.सं. १५९९ देखि १६०० का बिचमा भएको हुनुपर्ने अनुमानित मत व्यक्त गरी अप्रत्यक्ष रूपले उक्त अर्जीपत्रको लेखनकाल, त्यसै अवधि बिचको कुनै समयमा भएको हुनसक्ने आशय प्रकट गरेका छन् ।[१७] त्यस्तै **कास्की राज्यको इतिहास**मा नै उनले उक्त अर्जीपत्रबारे चर्चा गर्दै त्यसको समय वि.सं. १५९९ देखि १६१० बिचको कुनै समय र वर्षायाम भएको उल्लेख गरेका छन्[१८] भने कृतिको रचना वि.सं. १५९० देखि १५९५ का बिच भएको हुन सक्ने अभिमत बालकृष्ण पोखरेलको रहेको छ ।[१९] उपर्युक्त विद्वान्हरूका अभिमतको मन्थनका आधारमा उक्त कृतिको रचनाकाल वि.सं. १६०० तिर मान्न सकिने यस शोधार्थीको मोटामोटी ठहर छ ।[२०] वेदव्यास, उपाध्याय, पूर्ववत्, पृ. ९१ ।

गदाधर पाध्या सुवेदीद्वारा रचित र रचनाकाल अनुल्लिखित यो कृति नेपाली यात्रा साहित्यको उद्भवकालीन उपलब्ध सामग्रीहरूमध्ये अर्को उल्लेखनीय सामग्रीका रूपमा प्रस्तुत छ । अन्वेषक

१५ ऐजन, पृ. १०७ ।

१६ राजाराम सुवेदी, **कास्की राज्यको इतिहास,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०६०), पृ. ८८ ।

१७ राजाराम सुवेदी, सुवेदीहरूका मूलको खोज, पूर्ववत्, पृ. १०७ ।

१८ राजाराम सुवेदी, **कास्की राज्यको इतिहास,** पूर्ववत्, पृ. ९० ।

१९ वि.सं. २०६२ साल साउन ४ गते मङ्गलवारका दिन विराटनगर तिनटोलिया स्थित बालकृष्ण पोखरेलज्यूका निवासमा भएको साक्षात्कारमा पोखरेलज्यूबाट यस शोधार्थीलाई प्राप्त जानकारीअनुसार ।

२० वेदव्यास, उपाध्याय, पूर्ववत्, पृ. ९१ ।

सुवेदीबाट सुवेदीहरूको वंशावलीको खोजीका क्रममा कास्की जिल्लाको ढिकुरपानी गा.वि.स.को सुवेदी गाउँमा मूल लेखोटका रूपमा नभएर प्रतिलिपिका रूपमा प्राप्त उक्त कृति निजद्वारा लिखित 'सुवेदीहरूका मूलको खोज' शीर्षक लेखको परिशिष्ट २ का रूपमा दधिराज सुवेदी सम्पादक र सुवेदी सेवा समाज, विराटनगर प्रकाशक रहेको **भारद्वाज** पत्रिकाको प्रवेशाङ्क (२०५९) मा आद्योपान्त प्रकाशित छ ।[२१] अन्वेषक राजाराम सुवेदीले आफ्नो उक्त लेखमा 'गदाधर पाध्या सुवेदीको अर्जिपत्र" उपशीर्षक दिई यसको खोज, विषय, महत्व र समयबारे सङ्क्षिप्त चर्चा गर्दै यसमा प्रयुक्त कतिपय शब्दको अर्थ दिने प्रयास गरेका छन् । यस प्रकार सुवेदीद्वारा यस प्राचीन सामग्री सम्बन्धी चर्चा सुवेदीहरूको वंशावलीको खोजकै सन्दर्भमा गरेको देखिन्छ । मुद्रित रूपमा डिमाई आकारमा जम्माजम्मी चार पृष्ठमा सीमित भएको हुँदा आयतनका दृष्टिले यो लघु आकारको छ । यसको विषय पूर्णतया यात्राकेन्द्री छ र त्यो यात्रा लोककथामा पाइने एकादेशका राजकुमारको विवाहका निम्ति सुयोग्य कन्याको खोजी गर्न कुनै दरबारिया जन देश-देशावरको यात्रामा निस्केजस्तै राजकुमारकै विवाहका लागि उपयुक्त कन्याको खोजीका उद्देश्यले नै गरिएको छ भने लोककथामा पाइने जस्तो कल्पनाश्रयी नभएर यथार्थपरक र अझ नितान्त अनुभवाश्रयी छ ।

कास्की राज्यका राजगुरु रहेका गदाधर पाध्या सुवेदीले राजा कुलमण्डन शाहका नाति जलाल शाहका छोरा र कास्कीका तत्कालीन राजा राजशाही (शासन काल-वि.सं. १५८४-१६३४) सित कैलाश-मानसरोवरको तीर्थयात्रा गर्नका लागि अनुमति लिन जाँदा राजाले राजगुरु सुवेदीलाई अनुमति दिनुका साथै राजकुमार नारायण शाही विवाहयोग्य भइसकेका हुँदा उनको विवाहका निम्ति डोलाजी झिकाउनका लागि सुयोग्य राजकन्याको चयन गर्ने उद्देश्यले तीर्थ यात्राबाट फर्कंदा केही राज्यहरूमा गएर त्यहाँका राजकन्याहरू हेरी-बुझी उपयुक्त कन्याका बारेमा जानकारी गराउन आदेश दिएको देखिन्छ । तदनुसार पं. गदाधर पाध्या सुवेदीले पनि राजाज्ञाअनुसार मानसरोवरबाट फर्की आउँदा एकपछि एक गर्दै क्रमशः डोटी, बझाङ, बाजुरा, जुम्ला, दुल्लु, दैलेख, जाजरकोट, सल्यान, प्यूठान, अर्घा, खाँची, गुल्मी धुर्कोट, इस्मा, गल्कोट, बेनी र पर्वत गरी सोह्र/सत्रओटा राज्यका सदरमुकामको यात्रा गरेर तत् तत् स्थानहरूमा आवश्यकताअनुसार केही दिन निवाससमेत गरी तिन महिना लगाएर अठार/बिसओटी राजकन्याहरूको निरीक्षणपूर्वक प्रायः प्रत्येकको नाम, उमेर, गुण, रूप, सीप, शील-स्वभाव, बोली-बचन, आनिबानी र कुलघरान आदि सम्पूर्ण कुराको नालिबेली सविस्तार हेर्नु-बुझ्नुका साथै ती कन्यासित वैवाहिक सम्बन्ध स्थापना गर्दा भविष्यमा कास्की राज्यलाई हुने हित-अहित आदि सम्पूर्ण कुराहरूबारे गम्भीर चिन्तन-मनन गरी आफूले दैलेख, प्यूठान, खाँची, गुल्मी र इस्माका राजकन्याहरू तथा पर्वतका राजा प्रतापीनारायणको दरबारमा देखिएकी उनकी साली वा पाल्पाली राजा मुकुन्द सेनकी कान्छी मैयाँलाई आफूले सबै दृष्टिले योग्य ठानेका उल्लेख गरेका छन् । साथै उनले आफूले योग्य ठहऱ्याएका ती राजकन्याहरूमध्ये दैलेखका राजा पिताका वार्षिक आशौचमा रहेका हुँदा उनकी कन्यासित तत्काल विवाह हुन नसक्ने, बाँकी अरू कन्यामध्ये जुनसुकै कन्याका लागि र पाएसम्म मुकुन्द सेनकी छोरीका लागि डोलाजी लैजाने हो भने बेलैमा ज्योतिषी लगाएर चिना-टिपन हेर्न र मानिस पठाउन आफ्नो राय बिन्ती गर्दै आफूलाई सुम्पिएको कार्यसम्पादनको प्रतिवेदनका रूपमा नै सुवेदीले राजालाई यो अर्जीपत्र लेखिपठाएको पाइन्छ । त्यस क्रममा सुवेदीले आफ्नो अर्जीपत्रमा आफूले हेरे-बुझेका अरू कन्याहरूका बारेमा पनि जानकारी गराएको पाइन्छ ।

२१ राजाराम सुवेदी, "सुवेदीहरूका मूलको खोज" पूर्ववत्, पृ. १०५-११८, अन्तर्गत ११५-११८ ।

यस सन्दर्भमा चर्चा गर्दै उनले गढ कन्नौज, कनखल र कालीकुमाउँतिरका कन्याहरू कास्कीसित लिनेदिने चलन परापूर्वकालदेखि नै नभएको हुँदा त्यताका कन्याहरूका बारेमा आफूलाई जानकारी नभएको, कुमाउँका पालचन्द राठौरका कन्या खाए-लाएका र सुख सयलमा हुर्के-बढेका हुँदा ती कास्कीका थलोमा नरत्तिने हुनाले त्यता कुरै नचलाएको, डोटीकी कन्या खासै राम्री नभएकी र अलि डल्ली-पुड्की पनि हुनाले सन्तान होचा हुन जाने भय रहने, तर रूपभन्दा सिप ठूलो हुने हुँदा र गोत्रका दृष्टिले पनि कास्कीसित वैवाहिक सम्बन्ध चल्न सक्ने हुनाले उमेर मिल्दा राम्रै हुने उल्लेख गरेका छन् । बझाङकी कन्या बत्तीस लक्षणले युक्त भए पनि दन्तद्वार भएको हुँदा एउटा कुलक्षणले अरू सबै लक्षण समाप्त हुनाले, बाजुराकी कन्या सर्वलक्षण सम्पन्न भए पनि ल्याइते जडिनीबाट उत्पन्न हुनाले र जुम्लाकी कन्या जीउडाल रूप, बोली-वचन सबै दृष्टिले अयोग्य हुनाले मन नपरेको, सल्यानी राजाका कन्याहरू हलक्क बढेका र सुन्दरी समेत हुनाले र कास्कीका निम्ति स्वीकार गरिन योग्य हुनाले पनि मन परेको, त्यहाँका राजाराजी स्वयं पनि कुरा चलाउन इच्छुक र उत्सुक रहेको तर आफ्ना राजाबाट आफूले त्यहाँका निम्ति आदेश नपाएको हुँदा आफू मौन रहेको उल्लेख गरेका छन् । धुर्कोटकी मैयाँलाई आफूले योग्य ठानेको र उनी महाराज स्वयंकै मावली राज्यकी कन्या हुनाका कारणले उनका बारेमा बेलिविस्तार लगाइराख्नै नपर्ने, त्यसो गर्दा सूर्यलाई बत्ती देखाएजस्तो हुने, जहारीकी कन्या सुयोग्य भए पनि त्यो राज्य अति नै निर्धो भएको हुनाले र रिसिङ, घिसिङ पनि आर्थिक दृष्टिले कमजोर रहेका हुँदा तथा अर्घा राज्य कास्कीका बराबरीको नहुँदा ती राज्यहरूसित कास्की राज्यले वैवाहिक सम्बन्ध स्थापित गर्न उपयुक्त नहुने आशय प्रकट गरेका छन् । त्यस्तै दुल्लुकी राजकुमारी योग्य भए पनि अलि कम उमेरकी हुनाले केही समय कुर्नुपर्ने तर उनकी आमा दुच्छर स्वभावकी हुँदा र दुल्लुमा महिलाको हैकम चल्ने हुँदा काम बन्न गाह्रो पर्ने, जाजरकोटकी कन्या ठिक्क कदकी, सुन्दरी र एक्ली छोरी भएकी हुँदा निकै पुल्पुल्याएर पालिएकी भए पनि त्यहाँको पानी नराम्रो भएकोले सारा रैतीको गलगण्ड देखिनाले 'जस्तो राजा उस्तै प्रजा' भन्ने लागेर आफूले त्यता चासो नदेखाएको भाव अभिव्यक्त गरेका छन् । साथै गह्रौं, सतौं, ढोर, लमजुङ, गोरखा र भिर्कोट राज्य कास्कीका बन्धुवर्ग भएका हुँदा तीसित यस विषयमा कुरा गर्नै नमिल्ने भएको हुँदा तथा छिल्ली दाङकी कन्या राम्री छन् भन्ने सुनेको भए पनि पाइक नपर्ने हुँदा आफू त्यहाँ नगएको प्रसङ्ग पनि उक्त अर्जीपत्रमा सुवेदीले उल्लेख गरेका छन् ।

यस प्रकार उक्त अर्जीपत्र पूर्णतः कन्यानिरीक्षणका उद्देश्यले अभिप्रेरित र पूर्णतः त्यसै विषयमा केन्द्रित यात्रा साहित्यिक कृतिका रूपमा देखिन्छ । मानसरोवर र कैलाशको तीर्थाटनका निम्ति यात्रा आरम्भ गरिएको भए पनि कृतिमा तीर्थ यात्राकालको कुनै प्रसङ्ग पनि वर्णित पाइँदैन । कृतिको आरम्भ र अन्त्य भागमा त्यस तीर्थयात्राको चर्चा भने अवश्य पाइन्छ । यसो भए तापनि उक्त कृति विशुद्ध रूपले आत्मपरक शैलीको अवलम्बन र निजात्मताको सम्मिश्रण भएको तथा यात्राकार स्वयंद्वारा लिपिबद्ध गरिएको पूर्णतः यात्राकेन्द्री कृतिका रूपमा देखिन्छ ।

यस कृतिको आत्मपरकता र यात्रामयताको उदाहरणका रूपमा निम्न उद्धरणहरू प्रस्तुत गर्न सकिन्छ :

"ताहां देषिँकुच गरि कन्याका षवर बुझ्दै भित्रि संचो थामि जुम्ला असिदरा सेजा पहूची ... जोर दिन नाम थाडा मुकां रही दुल्लु ज्वालाजी माइकि दरसं भो" ।२२

२२ ऐजन, पृ. ११५-११६ ।

"ताहिततै दैलेखी राजाका इलाका तरी जारकोटका जिमिन्माटेक्याँ ..."२३ "कन्या ता जहारीमा छं भन्थ्या जाहारि साह्रै नै निर्दो राज्येका द्वारमा कास्की पस्नु मनासिब हुन्या छैन जसो ठानी तेता पसिन । विलम्ब गरिन, जाहारि देखिन् सल्याना भेरि तरि नस्क्यां ..."२४ "सल्यां मुकां २ वार ठहर भइ ताहांदेषि प्युठानुका राजा दलेपति राजका सरहद टेक्यां ... कन्या ता छिल्ली दाङमा बढिया छं भन्थ्या क्यान क्यान पाइपऱ्या जसो नलाग्दा मुकां भयन ... प्युठानु राजाका कोट ठाडो उकाली चढ्याँ तन राजकि मैञा जानुषा वर्ष १४ कि डोलाजिकन जोग्यै ठहराञा..."२५ "प्युठानु राज्ये सरहद तरि अर्घा पुग्यां ... अर्घाकै व्यासि झरि खाँचि पुग्यां ..."२६ "राज्ये गुल्मि चारपालासें तीन रोज मुकां भै लर्कन लाग्यां इश्माधुरितर्फ ... बाटामै पर्न्या भो धुर्कोट ... चौरासिका घाँचघाँच तरि लाग्याँ इश्माधुर राज्ये सरहद ..."२७ "इश्मा राज्येमा चार रात गुज्रँदा विलम्ब भो बडिगाड रुद्रवती पारि तर्नाकन धामलि गरि गल्कोट् टेक्याँ. एक रात ताही लडी दुस्रा रात बेनि बास भो"२८ ।

गतिशीलतालाई व्यक्त गर्ने उपर्युक्त वाक्यहरूले गदाधर पाध्या सुवेदीको यात्राकारिताको साक्ष्य प्रस्तुत गर्दछन् । दैलेखका राजाको दरबारको आँगनमा रतुवा मृगको पाठो छोपिराखेको[२९] धुर्कोटमा पुग्दा 'कास्कीका आचार्य गुरु आएको' भनी आफ्नो निकै स्वागत-सत्कार गरिएको[३०] इस्मामा उकालै उकालो गौँडा बनाइएको[३१] जस्ता यत्रतत्र अनेक दृश्यात्मक र अनुभवात्मक वर्णनहरू प्रस्तुत गरिएबाट यो कृति आत्मपरक शैलीमा लेखिएको विशुद्ध यात्रा-कृति हो भन्ने पुष्टि मिल्दछ । गदाधरको उक्त कृति यात्रामयता वा गतिशीलता र आत्मपरकताका दृष्टिले निकै उल्लेख्य देखिए जस्तै साहित्यिक मूल्यका दृष्टिले पनि यो अत्यन्त मह□वपूर्ण देखिन्छ किनभने स्वकीय यात्राको वर्णनमा होस् वा कन्याहरूको रूपसौन्दर्य र कुलघरानको वर्णनमा होस् अथवा राजा-रानी एवं राज्य र जनताको वर्णनमा होस् यत्रतत्र साहित्यिक अभिव्यक्ति पाइन्छ । उदाहरणका रूपमा यहाँ केही प्रसङ्गहरू प्रस्तुत गरिन्छ-

(क) डोटीका राजा भूपति शाहीकी कन्या शैलेश्वरीको वर्णन गर्दा "कन्या खाए-लाएकी बतासे गफ गर्ने, मोटी, थसुल्ली मुहार राम्ररी नखुलेकी, पाककलामा सिद्धहस्त, बोलीवचन नमिल्ने मुखभरि कल्लैकल्ला भएकी, श्याम वर्णकी, केही डल्ली र पुड्की हुनाले सन्तान पुड्का हुने भय रहने, कन्याको रूप यस्तै हो तथापि रूप चाट्ने नभई सिप चाख्ने हुँदा उमेर पुगे असल ठानें"[३२] भनिएको छ ।

(ख) बझाङका राजा भिउसिंह (भीमसिंह) की कन्या 'पार्वती'को रूपको वर्णन निम्नानुसार गरिएको छ - "कुइरा र बल्ढचाग्रा आँखा, दन्तद्वार भइदिनाले बत्तीस लक्षणमा एक कुलक्षण ठहऱ्यो । थेप्चो र चेप्टो मुहुडा, ठूलो पुर्पुरो, मस्कँदा खिस्स देखिने दन्तद्वारको कुलक्षणले सबै लक्षण सखाप भइदिनाले काम गर्ने धीत मरेन ।"[३३]

(ग) बाजुराका राजा चुनरीपालकी बहिनी मल्लिकावतीलाई सर्वलक्षण सम्पन्न ठानी एक चरबाट तिनका कुलबारे बुझ्दा ती कन्या जडिनीका कोखबाट जन्मेकी भन्ने ज्ञात भएपछि उनलाई अयोग्य ठहऱ्याई त्यस सन्दर्भमा 'कुकुर मारी दशैं नटर्ने' भन्ने आलङ्कारिक अभिव्यक्ति प्रकट गरिएको छ ।[३४]

२३ ऐजन, पृ. ११६ । / २४ ऐजन, पृ. ऐजन । / २५ ऐजन, ११७ । २६ ऐजन । / २७ ऐजन । / २८ ऐजन । / २९ ऐजन । / ३० ऐजन । / ३१ ऐजन । / ३२ ऐजन । / ३३ ऐजन । / ३४ ऐजन ।

(घ) जुम्लाका राजा भानशाहीकी कन्या चन्द्रावतीको वर्णन गर्दा कैला केश, फुस्रा कत्ला, कपालमा लट्टा परेका, तानाबाना फिंजारेकी हुटिट्याउँजस्तो दुब्लो-पातलो जिउडालकी र बोली पनि नबुझिने उल्लेख गर्दै[३५] 'अनि उनैको नाम चाहिँ फेरि चन्द्रावती मैयाँ' भनी व्यङ्ग्योक्ति प्रकट गरिएको छ ।[३६]

(ङ) कृतिमा दुल्लुका राजा उदय शाहीकी कन्या विजयेश्वरीको वर्णन गर्दा अत्यन्त रूपवती, बोली मसिनो, मैना चरी भन्दा हुने, उमेरले बाह्र वर्ष लागेकी, बाबु-आमाका आँखाकी नानी बनेकी, नवयौवनले स्पर्श गरेकी चञ्चला भनिएको छ ।[३७]

(च) दैलेखकी राजकन्या धनमतीका बारेमा प्रशंसात्मक टिप्पणी गर्दै राज्य-राज्यमा कष्टसाध्य भ्रमण गर्दा पनि दैलेख विलासपुरकी जेठी राजकुमारी बराबरकी अर्की कन्या देख्न नपाएको उल्लेख गरिएको छ ।[३८]

(छ) जाजरकोटका राजा मनवीर शाहीकी कन्या जलेश्वरी मैयाँको रूप-सौन्दर्य, उमेर जिउडाल का बारेमा प्रशंसात्मक टिप्पणी गर्दै "एघार वर्षको उमेरमा मुहार खुल्दा झलल्ल हुने भयो, ठूला गाला, साँघुरो निधार, छोटो चुल्ठो, रातो वर्ण, न होची न अग्ली ठिक्ककी, उमेर पुग्दा सप्रँदा शरीर भरिंदै जाने ठहऱ्याएको उल्लेख गरिएको छ ।"[३९] त्यस्तै त्यहाँका जनताका रूप-रङ्गको बारेमा चाहिँ निम्नानुसारको टिप्पणी गरिएको छ : "जाजरकोटका रैतीहरूको रूप कस्तो भने ढचाब्रे नाक, गलगण्ड, लटपटिएको कर्कश बोली, हाम्रो कास्कीको घाचोकका रैतीसित मिल्ने, गलो बढेका, पँधेराको पानी नराम्रो छ भन्थे । जस्तो नाम उस्तै राजा भनिने राज्य जाजरकोट रहेछ ।"[४०]

त्यस्तै पर्वत राज्यका दरबारमा त्यहाँका राजाकी साली एवं पाल्पाका राजा मुकुन्द सेनकी कान्छी कन्यालाई आफूले देखेका सम्बन्धमा लेखकद्वारा उक्त अर्जीपत्रमा यस्तो अभिव्यक्ति प्रकट गरिएको पाइन्छ :

(ज) "पर्वतका राजा प्रतापनारायण मल्लका दरवारमा पाल्पाकी, साली भन्थे अत्यन्त मन पर्ने कन्या देखें । त्यस्ती कन्या को हुन् र कसकी हुन् भनी सोधखोज गरें । 'पाल्पाका राजा मुकुन्द सेनकी कान्छी मैयाँ' भने, तेह्र-चौध वर्षकी छरिती मसक्क परेकी ... अरू कुरा त थाहा छैन प्रभु ! तर त्यस्ती कन्या चाहिं सयौंमा एक मिल्लान् । नारीको आभूषण शील नै हो । ती कन्या कस्ती छन् भने लाजले झुकेकी, मुहार घोप्टो पार्ने, अत्यन्त रूपवती, शीलवती र गुणवती । हाम्रा राजकुमारका भाग्यमा कन्याका सन्दर्भमा भावीले के-कसो लेखेको छ त्यो त सबै ज्योतिषीले नै छुट्याउलान् तथापि त्यस्ती कन्याको नै खोजी गर्नु उचित हुन्छ भन्ने बिन्ती छ ख्वामित"[४१] भनी उक्त अर्जीपत्रलाई प्रतिवेदनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

यात्राको मूल उद्देश्य कन्याको खोजी रहेको हुँदा गदाधरको यात्रावर्णन यात्राका क्रममा साक्षात् हुन आउने अन्य अनेक प्रसङ्गहरूको चर्चामा भन्दा यात्राको गन्तव्यकेन्द्र बनेका विभिन्न राज्य, त्यहाँका राजकन्याहरू, उनीहरूसित विशेष रूपले सम्बद्ध स्थान, प्रकृति र व्यक्तिहरूकै चर्चामा सीमित पाइन्छ । तर त्यतिमै सीमित हुँदा हुँदै पनि र त्यतिकै आधारमा पनि उक्त कृतिमा यात्रासित सम्बद्ध स्थलहरूको भूगोल, प्रकृति, समाज, संस्कृति र राजनीतिको आंशिक झलक भने यात्राकारद्वारा प्रस्तुत गरिएकै पाइन्छ ।

३५ ऐजन । / ३६ ऐजन । / ३७ ऐजन, पृ. ११६ ।
३८ ऐजन । / ३९ ऐजन । / ४० ऐजन । / ४१ ऐजन, पृ. ११८ ।

उक्त कृति यात्राबाटै उद्भूत भए पनि कुनै यात्राकारद्वारा स्वतन्त्र रूपमा सृजित यात्रा-कृति नभएर एउटा राज्यका राजगुरुले राजाबाट आफूलाई दिइएको आदेशअनुसारको कार्य सुदूरवर्ती अनेक पर्वतीय प्रवेशहरूको दीर्घ र दुष्कर पदयात्राद्वारा तीन महिनामा सम्पन्न गरेर त्यसको प्रतिवेदनका रूपमा महाराजलाई लेखेको औपचारिक पत्र हो र अर्जी वा बिन्तीका भाकामा प्रस्तुत हुनाले यो बिन्ती वा अर्जीपत्र नै हो । तर यसका लेखकमा अन्तर्निहित विशिष्ट प्रतिभाका कारणबाट यो कृति यौटा सामान्य औपचारिक पत्रका रूपमा मात्र नभएर पत्रात्मक, यात्रात्मक र साहित्यिक गुणयुक्त कार्यसम्पादन प्रतिवेदनका रूपमा समेत प्रस्तुत छ ।

उक्त अर्जीपत्रको भाषिक रूप प्रायः सरल र बोधगम्य छ भने भाषाशैली पनि सरल, प्रवाहपूर्ण, अनौपचारिक एवं आकर्षक छ । व्याकरणिक प्रयोग भने यसमा पुरानै प्रकारको पाइन्छ । 'ख' का स्थानमा सबैतिर 'ष' को प्रयोग, पदान्त र पदमध्यमा आउने हलन्त म एवं हलन्त न को पूर्ववर्ती वर्णमाथि अनुस्वारीकरण आधुनिक 'ए' 'एँ' का स्थानमा 'या' 'याँ' को प्रयोग, इकार र ईकारको निम्ति व्यञ्जन वर्णमा प्रायः सबै ठाउँमा बाइमात्राको प्रयोग तथा सौन्दर्यमूलक अभिव्यक्तिका लागि विचलनशील शब्दको प्रयोग गरिएको पाइन्छ ।

निष्कर्षतः भन्नु पर्दा गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' भन्दा अगाडिको कृति यात्रा-वाङ्मय मात्र हो भने नेपाली वाङ्मयमा हालसम्म उपलब्ध भएका सामग्रीहरूमध्ये साहित्यिक मूल्यको प्रथम यात्रा-कृति हो । र यसलाई यात्रा साहित्यको सुस्पष्ट प्रारूप नै पनिमान्न सकिन्छ किनभने यो कृति यात्रातर्फ पूर्णतया अग्रसर छ तथा समय, शैली, शिल्प र साहित्यिकताका दृष्टिले समेत मह□वपूर्ण छ । परकीय यात्रा वर्णन नभएर स्वकीय यात्रा वर्णन, लेखकको सुनिश्चितता, यात्रागत अखण्डता, आत्मपरक शैलीको अवलम्बन, वस्तु वर्णनमा तथ्यात्मकता, लेखकीय निजात्मकताको समन्विति, प्रवाहपूर्ण सरल र रसात्मक भाषाशैली आदि गुणहरूले युक्त हुनाका कारणले उक्त कृति निबन्धात्मक शैलीको यात्रा साहित्यिकतातर्फ उन्मुख छ तर आधुनिक नियात्राका अर्थमा भने परिष्कृत छैन ।[४२] यो कृति नेपाली वाङ्मयमा आत्मपरक साहित्यिक गद्य लेखनको आरम्भविन्दु बन्न पुगेको छ र यसलाई आधुनिक मान्यताअनुसारको यात्रा साहित्यक कृतिका रूपमा सम्पूर्णतः लिन नसकिए पनि परिधीय यात्रा साहित्यिक कृतिका रूपमा भने सहजै लिन सकिन्छ ।[४३] अतः यसको प्राप्ति नेपाली यात्रासाहित्यका लागि एक विशिष्ट उपलब्धि हो भन्न सकिन्छ ।[४४]

उक्त अर्जीपत्रको लेखनवर्ष अज्ञात र अस्पष्ट भए पनि कृतिमा आधारित भएर यसको रचनाकालबारे मनन गर्दा यसका कृतिकार गदाधर पाध्या सुवेदीलाई यात्राका निम्ति आज्ञा दिने र गदाधरद्वारा आज्ञानुसारको कार्य सम्पादन गरी त्यसको प्रतिवेदनका रूपमा उक्त अर्जीपत्र पठाइने कास्कीका राजा राजशाहीको शासनकालको आरम्भ वर्ष वि.सं. १५८४ र अन्तिम वर्ष १६३४ भएको हुँदा उक्त कृति त्यसै अवधि बिचको कुनै वर्षको रचना भएको र १५८४ भन्दा अघिको वा १६३४ भन्दा पछिको त हुनै नसक्ने तथ्य निश्चित र सुस्पष्ट छ ।[४५] **राजा गगनिराजको यात्रा**

४२ मिति २०६२ साल साउन ४ गतेका दिन विराटनगर तिनटोलिया स्थित बालकृष्ण पोखरेलज्यूका निवासमा भएको साक्षात्कारमा पोखरेलज्यूबाट यस शोधार्थीलाई प्राप्त जानकारी अनुसार ।

४३ ऐजन ।

४४ वेदव्यास, उपाध्याय, **नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : त्रिभुवन विश्वविद्यालय, २०६६ ।

४५ वेदव्यास, उपाध्याय, पूर्ववत्, पृ. १०० ।

को रचनाकाल अनुमानित र अप्रमाणित भएको हुँदा र गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' मूल लेखोट उपलब्ध नभएको हुँदा यसमा प्रस्तुत मूल भाषागत स्वरूप अज्ञात रहेको र उपलब्ध प्रतिलिपिमा प्रस्तुत यसको भाषागत स्वरूप **राजा गगनिराजको यात्रा**को भाषागत स्वरूपका तुलनामा नवीन पाइने हुँदा कथंकदाचित् समयगत दृष्टिले यो **राजा गगनिराजको यात्रा**को पूर्ववर्ती सिद्ध हुन आउने हो भने पनि दुवै कृतिमा प्रस्तुत भाषागत आधारमा चाहिँ 'अर्जीपत्र'लाई **राजा गगनिराजको यात्रा**को अनुवर्ती कृतिका रूपमा नै लिनुपर्ने देखिन्छ । त्यसो हुनुमा अनुवर्ती प्रतिलिपिकारको प्रमाद, असावधानी वा अप्रत्यक्ष रूपको संशोधनको प्रयास पनि हुनु सम्भव छ ।

३. उपसंहार

यस लघु लेखमा नेपाली यात्रा साहित्यको उद्भव कालका दुई महत्त्वपूर्ण कृति **राजा गगनिराजको यात्रा** (बेनामी) र पं. गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' बारे सङ्क्षिप्त अध्ययन गरियो । यसका आधारमा निष्कर्षतः के भन्न सकिन्छ भने **राजा गगनिराजको यात्रा** कर्णाली प्रदेशका राजा गगनिभुमको भूमिदान, राज्यव्यवस्था सम्बन्धी स्रेस्ता र मूलतः उनले आफ्नो राज्य अन्तर्गत कालीगण्डकीदेखि बूढीगङ्गासम्मका बिचको हिमाली र पर्वतीय भूभागमा गरेको यात्राको अभिलेखात्मक आलेख हो । अपरिष्कृत रूपकै भए पनि नेपाली भाषामा हालसम्म उपलब्ध र किञ्चित् साहित्यिकतांश समन्वित प्रथम यात्रात्मक अभिलेख हुनाका कारणले नेपाली वाङ्मयको प्राचीन कालीन एक मह□वपूर्ण सामग्री र नेपाली यात्रासाहित्यको बीज-विन्दुका रूपमा यो उल्लेख्य देखिन्छ ।

त्यस्तै गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' नेपाली वाङ्मयमा हालसम्म उपलब्ध भएका सामग्रीहरूमध्ये साहित्यिक मूल्यको प्रथम यात्रा-कृति हो । यसपूर्वको कृति यात्रा-वाङ्मय मात्र हो भने यो कृति चाहिँ यात्रा साहित्यको सुस्पष्ट प्रारूप नै हो भन्न सकिन्छ, किनभने यो कृति यात्रातर्फ पूर्णतया अग्रसर छ तथा समय, शैली, शिल्प र साहित्यिकताका दृष्टिले समेत मह□वपूर्ण छ । स्वकीय यात्रावर्णन, लेखकको सुनिश्चितता, यात्रागत अखण्डता, आत्मपरक शैलीको अवलम्बन, वस्तुवर्णनमा तथ्यात्मकता, लेखकीय निजात्मकता र अनुभूतिको समन्विति, प्रवाहपूर्ण सरल र रसात्मक भाषाशैली आदि गुणहरूले युक्त हुनाका कारणले उक्त कृतिलाई नेपाली वाङ्मयमा साहित्यिक गद्यलेखनको, आत्मपरक गद्यलेखनको तथा यात्रा साहित्यिक लेखनको समेत सुस्पष्ट रेखाङ्कन गर्ने प्रथम कृतिका रूपमा लिन सकिन्छ । अतः यसको प्राप्तिलाई नेपाली यात्राको एक विशिष्ट उपलब्धि मान्न सकिन्छ ।

सन्दर्भ सामग्री

आचार्य, व्रतराज, "प्राचीन नेपाली वाङ्मय-ग्रन्थ", **वाङ्मय,** पूर्णाङ्क ८, (काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, वि.सं. २०५५–५६) पृ. ५२–५८ ।

उपाध्याय, वेदव्यास, (२०६६) **नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

देवकोटा, रत्नाकर (२०६४), **वृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना**, काठमाडौं : कुमार खड्ग प्राइवेट स्टडीज, कमलादी ।

यात्री, पूर्ण प्रकाश नेपाल, सम्पा.,(२०३९) **राजा गगनिराजको यात्रा,** काठमाडौं : नेसनल रिसर्च एसोसिएट्स ।

योगी नरहरिनाथ, "गोरखा लमजुङ रागिनासटारबाट सुरषेत आयेका पन्थहरूको वंशावली", **इतिहास-प्रकाश,** अङ्क २, भाग १ (काठमाडौं : इतिहास-प्रकाश सङ्घ मृगस्थली गोरक्षपीठ, २०१३), पृ. ३५३–३५७ ।

सुवेदी, राजाराम, "सुवेदीहरूका मूलको खोज", **भारद्वाज,** प्रवेशाङ्क (विराटनगर : सुवेदी सेवा समाज, २०५९), पृ. १०५–११८ अन्तर्गत ११५–११८ ।

(२०६०) **कास्की राज्यको इतिहास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

❖❖❖

xf:oJoªVo

dGqLhLsf]a;ofqf

■ g/]b/fh kf8]h

cflv/ dg}g xf]ToxL klg y/Ly/Lsf cg}s y/L dfG5}sf]. 7h'nfsf]7h'}dg . ;fgfsf];fg}dg . g]tfsf]g]tfdg . dGqLsf]dGqLdg . e8fsf]e8fdg . afv{sf] afv{dg .

of]b]zdf g]tf ePkl5 dGqL gxg]s'/} ePg . dg sfnf]xf];\ls pHofnf]xf];\–3dLlkm/L cfOxfNbf]/x5 Ps lbg kfnf]. xg t pHofnf]dg / dGqLsf]ldNtL obfsbf dfq xg]/x5 of]b]zdf . ;fob lat}sf]sg}Ps aif{ pHofnf]dgsf dGqL e6] g]kfnL /dfPsf lyP . lsg /]eg]ltg?sf]nf8;]8ª;F e6]3f6 g}ePg /]/fx";F s]t'sf]e6}gePsf]s:tf] ;do k/5 Tof]< g]kfnL aa'/fx¿sf]lz/dfly ;wF/fx"ag] pbfpg]dGqL gfds k[0fL / afr'~h]nsf]nflu 5}6LsF] n]vfGt ag] lz/dfly l/ªb}3Db}ug]{ sfnf] s]t'sf] d]ldnfkn]g]kfnL wtL{;wF;'zf]et eOcfPs} lyof]. t/ ToxL jif{dfq s;/L ePg < xf] k'/fgf]cfxfg}5– rGb|df;F e6 xF ;a} :ynr/ k[0fLx¿nfO{/dfOnf]dfq xG5 /]/ t/ rf]x¿sf nflu ToxL rGb|df zq'dflgG5 /]/ lsg eg]plxn]rf]x¿ /ftL dfq}rfg{ lxB]y]c/]/ rfg{lxB]fpg]klg t, dg}g xf]– ToxL klg dfG5}sf].

t stfsf]s'/f]sxfFkf]k'g nfu]h:tf] 5 . nf8;]8ªsf]cF/f/f]df/df kl/;s}sf] a]nf vf]hfL ub{df ;lsnf]dg stf kf]e6]g]xf] / < d}nf]dg xg]h]b]z, sfn, kl/l:ylt;F e}nf]v]h] cf^gf]cf}sftcg';f/ v]nf]ug{/ y}nf]eg{dfq}vf]hbf]/x5 . gbLdf df5f xf];\ ls gxf];\hnf/Ln]b'jfnL yGg]sfd dfq} /f]hbf]/x5 . c3f]Lsf]cjtf/ lnP/ wtL{dfly kbfk{f ug]/fxh]klg hthtfaf6 bnfnLb:t'/, sld;g¿kL 3fF, s8f]l;:gf]jf l;gf]h] km]nf k5{ToxL vfG5' eg] Psf]tf/ lrxfg 9Stf]/x5 . clg s'/fn]rF wtL{g}prfn}sf] e]l 5b]PSsfO;f}z tfAbLsf]ljsf; –ofqfdf 5nfË dfg]u8L xfFt}7h'7h'nf a]nG kmStf] /x5 . dglrGt]cfsfzdf c¿sf dg klg dflydfly p8fpF]/x5 . ;wF/fvofnVofn d} a/fNbf]/x5 .

t, dg}g xf]ToxL klg lahfOFa7bfOFsf] v/af/Ldf knfPsf]. s]g}bO{v]dg];df6sf]. o:t}vfn]dgsf/L dGqL pkflwwf/L g]tf gfds kbfy{fo'hfO{Ps lbg emG8f, 8G8f / k08f ;d] l;6dlg v';Ss nSfP/ sf7df08";x/df a;ofqf ug]{nx8 rn5 . nx8 klg dgs} Pp6f lqmof g xf]/ ts{zf:qsf] df]ns kl/efiffdf–dgsf] ;fdfGo Jofkf/ . dh'] rlnlbG5 gfxLFslxn}sfxLF To;df klg dGqL xg'/ a;ofqf ug{of]wtL{df Ps}fy lj/n} ;e]j b]vg]s'/f xf]. g]kfn gfdsL wtL{dftfn] u0ftGq gfpF]unuf0ftGq leïofPkl5 dfq} klg w]}aRrf ag}sf nfps]x¿ Joxf]/g\. w]}sf yfªbfy/f wf0]kvfnL ul/g\. w]}sf]kmfxf]

dfnf ;Xofl/g\. ltg}kmfxf/ dfnfsf yfnfx¿ dGqLsf]dl6,hfdf, ku/L le/] sf]rdfly r9]sf] klg b]lvg\. t/ a;ofqf u/] ;j{ fwf/0f gful/ssf]bmv ,si6, dsf{a%b}lxBfg]dGqL gfds lah'jf b]/g eg] cfh;Dd kfPsL lyOgg\.

ta of]va/ ha s]kfPsL lyOg\ pgL klg crDd t kg]{g}eOg\. clg t s]rflxof] / < cfkm"klg pb]s nfUbf]Ps vfn];k'tsL dxtf/L aGg kfPsf]df v'zLn]ubub\eO5g\. clg lz/b]lv kfp;Dd xiff{>'sf krsf 56] lgy$s}kf]?lem5g\.

ToxL g xf]g]{tfsf]dg . jgsfnLlgjf;L] ah/ª\ujnLsf]eGbf s]sd < slxn]s]u/f}+ slxn]stf hfpFt xg}g}eof]. To;dfly dGqL g}alg;s]sf]dgn]ef{d/Lsf]bzfn]ufFn] em}5 56k6 ugf{nfO{sk6dfq}eGg klg ldNbg . em6k6 Eofpg] hlt EofP/ ;f6;6 af6f] ttfpg'klg Pp6f eb|Jojxf/ dflgb}cfPsf] 5 . l/;f6{ep|0fnfO{o;sf];6s6 pbfx/0f dfGbf vf;}km/s kf]s]knf{/ <

t sg}Ps lbg o:t}vfn]Ps hgf ;k't ;Gtfgs dxtf/L alg5g\g]kfn cfdf . ofg] dGqLhLsf]a;ofqf rNg]eP5 .

dGqLSjf6/,l;xb/jf/ dfq}slt cfxf/bfxf/ u/L /xg'< slxn]sxLFt o;f];x/sf ;8s, a:tL, ahf/ xBf]klg 3dfF km6kfysf k;n xf]F n6kfysf]b/efp aemF ;wf]slt ljlzi6 aGg'< slxn]sxLFt ;fwf/0f gful/sn]ep|0f ug]{dfOsf]a; r9] lzi6dfq}ag] klg 8hfF cefjsf]k6kn egf]sf]nfOg xf]F efj ofg] ePsf rLhaLhsf]efp a9fPsf]xf]F clg To;sf] lj/fw ug{ tlD;g]sf] kfOg xf]F ljBfyL{sf rqmbxg xf]F 6fkkms hfd xf]F ;'sDjf;Lsf 89]sf 3/a:tL / 7fd xf]F km6kfy]Jofkf/Lsf]tfOg xf]F ;8slj:tf/df pl7af; eP/ lanfgf ugx¿sf]kfOg xf]F c;nL hgtfsf];d:of :ynut aemF

o:t}o:t}/ËLrËL sfo{gLlt agfP/ dGqLhLsf]P]{txfl;s a;ofqf PsfPs ;? eP5 . em§ ;Gbf s'/f]gfh}/x]5 . t/ 3f]/P/ ljrf/ ubf{Psbd}hfoh klg lyof]. ;? xg] 7fpFklg ToxL kljq dGqL lgjf; k/]5– /s]6 k|f]k0f ub{cfPsf]cdl/sL /fHo 6]$;f;sf] Xof6g Onfsf h:tf].

dGqLhLsf]OR5f d'tflas lgwf{/t lbgsf] Ps lbg cufl8 a;ofqf – sfo{s|dsf af/] k]{lj1lkt lgsfNg kLPnfO{dhL{xBf]eP5 . /fte/L ;]tf Jofkf/L,ljsf;eQm 7]sbf/ clg xltof/ / dltof/sf bnfn bRsfP/ cFf]L kfgL bGsfPsf lghL ;lrjhL g hf]k/]< Psflaxfg}XofË cf]e/n];tfPsf]x8j8Ldf u8a8Lk0f{ 9Ën] k]k/ tof/ hf] u/]5g\. kl/0ffd:j¿k :jo+dGqLhLs} lghL ;lrjfnoaf6 k]{ lj1lkt o; k]sf/ hf/L xBf]eP5–

ækmnfgf dGqLHo'sf]zjofqf cfh lbge/L rNg]5 . oPg kfs{sf] ;'sDjf;L a:tLaf6 ;? ePsf] ;f] ofqf snÍL, afnfh', dxf/fhuGh, rfa]h xB}a]h'sL ;fEmdf kzkltdf lj;{hg xg]5 .Æ

dGqLhLsf tLg bhg ;Nnfxsf/, xfkm bhg :jsLo ;lrj, ;xfos,ljz]if k/fdzl{ftf ;d]t eP/ tof/ kfl/Psf]sfo{gLlt lyof]Tof] a;ofqf . ofhgfdf sg}sdhf]L / Uofk vf]hbf klg e]6GgYof]. t/ ;fe{fUon]kLP ofg]:jsLo ;lrj g}kl/lbgeP5 csj/L .

eP5 s]eg]–æa;ofqfÆ nlvPsf]lj1lkt lg:sgkg]df zjofqfÚ rflxFn]vg uP5 . sflGtsf/L Joj:yfsf dxfg\qmflGtsf/L g]tf – pk/ qmflGtsf/L ag] dGqLsf] cf;gdf kU]sf ltgsf klg lkP sf] sf]lyP slGg Ú rflxFf] of]lotfn] e/k" ;fnf,ef~hf, ebf, elthf hf] hf] klg xg] g}eP . clg eP cg';f/ g};fFrsf dxfg\lj rf/s, al4hLjL, d'tG8 ofg];j{zlStdfg\klg t xg]g}eP . kLPHo'sf]dlyËndf Ps}l5g a;ofqf zAbsf] jOfkjGof;nfO{lh:Sofpg]nx8 rlnlbP5 . cyf{\VfqLsfnLg cf}tf]kLl8t kLP dxfzosf] dgdf Ps}l5gsf]nflu aOfkjkof{ ;Fr v]lg ?rfpg] 5Nofxf gf/b 3'of] t s]laTof; k¥of]< olt hfaf]s"/fnfO{lnP/ s;n]6fpsf] bVfO/xg]. lsg 6fpsf]bVfO /xg]<

lj1lktsf] gfpdf ljÚ ;d]t w/fwfddf emg{gkfpF};~rf/lfq PsfPs zf}sfsh ¿kn] ;lsp aGof]. /]8of] PkmPd, l6le, kqklqsf ;d]t ;a}n]lghL ;lrjfnosf]lj1ktdfly gofF/Ë/fjugsf a§f ,kmlFf yk u/]. ub}/x]. ;dfrf/hGo dfnstfsf]bf]xg u/]. u/L g} /x]. Tof] lbg o:t} vfn] Ps hgf ;k't ;Gtfgs dxtf/L alg5g\gkfn cfdf . ofg] dGqLhLsf] a;ofqf rNg] eP5 .

vj/sf]eJotf / dxQfsf]avfg tFf8 d5f8 ub}5f6] klqsfx¿n]. sltn]c;ej va/ eGb}cfZrosf efsf lems]. sltn] va/sf]eJotfnfO{efj's ag] a9fO r9fO cghf algof alxgLs}zf}hLdf kr/f/k|;f/sf kvf}f lkmFnfP . egf}kqsfl/tfsf];twd{kfng u/]. tYok/stf / ;Tolgi7fsf]aLlBf]yfd]. pkrf/sf]nflu eg] slxNo}ljb]z uPsf]yfxf gkfpF}PsfPs k/dwfd ePsf]vj/ cfpFf pxfFf] :jR5 5ljsf] a'tfn] e}];Dd /fu cnfk]. sg}vfn] b36{gf jf ladf/ k/}sf] yfxf gkfpF}zjofqfsf] va/ cfpghfO{ 5fkfsf]d];g lalu|sf]h]rNg uPsf]xNnf t xf]Dg eGg]cfzª\sf u/]y]sltn]eg].

va/ ;Gb}oPg kfs{sf];'sDjf;La:tLdf cs}vfnsf]zf}ssf]slx/f]h]9fs}5 . dGqLhLsf] zjofqf o;}a:tLaf6 lsg xg nflu/x}5 < oxL k]zgn]vhbhLsf]afnL nufof]. afUdtL / dgx/flsgf/af6 nvf}5' eg] lhGbuLe/ vf]bf]ug]dGqLhL OxnLnf ;dfKt u/]kl5 klg oxL af6f]cfpgdf s]/x:o xg ;S5 < ls d/]kl5 klg xfdLnfO{nvf}g}eg] cfpg]xg\ tL < /fdf];Fr zjjfxg u8fpg] 7fpFklg 5}g . afF~hn vf]bf]u/]klg ca dfkmL bf]pm egLdfUg cfpg]kf]xg\ls < xfdf 5fkfemkf, 6x/fdfly 8fh/ u8fpF}/ cfuf]emf]t}lyP lxhf];Dd . cfh cfkmg}zjbfx u/] eTs}39}sf] a:tLsf]df6}'4 bUw kfg]O/fbfn]cfpg nfu}sf t xf]Dgg\< o:t}o:t}cg}s y/L ts{/ ef]sf] ef]/Ldf /GkmlgP5g\lar/fx¿ s]kL a] t .

t/ uO;s]kl5 ca lsg vf]bf] ug{< afr~hn pgn]hlt ug,a}ug nufPsf lyP –lgwgkl5 klg TolQ g}>4f / dfofsf kmh r9fOlbg]eP5g\ltgLx¿n]. lgbfff kf]OfLx¿sf] cGt/ªu cfjfh ;wf}5n5fdljxLg dw"/f]xG5 /] Ú ;'sDaf;L 6fhsf] km'ndfnf;lxtsf] :jfuttof/L bf]ytf o:t}efg xGYof]. eO/x]of].

ptf qmflGtsf/L ;/sf/n]xfn}rnfPsf] 8fh/ –kfhkfna:tLdf cs{;ndt , ;Nnf / xNnf rNb}lyof]. dGqLhLsf] zjofqf oxL af6f]xF5 eGg];g] pgLx¿ klg c;d~h;df k/]. cfh}hfg'lyof]t lxhf];Dd lsg oqf] ljWjz– avf}f ug{lyof]< ;ofaif{cl3b]vsf] yftjft / >L;DklQsf]pkefjU / uhf/f u/L a;}sf lar/f hgtf r/LnfO{a}3/jf/ agfP/

lsg s+nLnf d~rg ugk/]sf]< af6f]geP/ dfG5] a]B/jf/ t aGbg . uF geP r/Ln] sxfFuhf/f rnfpnf < t/ a]ugLnfO{ugn] dfg'{eG5g\. lar/f]zjn]s]lauf/]of]/ xfdf]< hfpFefO xf] u/f]kmndfnfn]lbuËt sfofsf] kmfbzfg .

ptf kzkltj/k/sf] kf]nkfn 6f]nsf afl;Gbf cs[kl/sf/sf]zf]sdf dUg lyP . st} hfohf]yf, yftjftsf] lylt7]ufg gxFf afaf kzkltsf] 5]p5fp cfP/ cf]t5fxf/L /f]h]sf lyof]F. o;f] bO{ff/ k]ifsf] a]kf/ u/] k]6 kfNg] d]if] ldnfPsf lyof]F. PsfPs cfP/ /ftsf] a]nf 5fk{emk{ hlt ;a]df cftÍsf/L –z]hLdf /fHon] cfuf] nufOlbP/ a]jfl/; a]if/f agfOlbPsf]lxhf]dfq}xf]. ltg}cfuf] emf]g]dxfgfos of]dfofjL ;+f/ 5f]B] cfh} cf^g}sfofdfly cfuf]emf]g kzklt cfpF5g\ eGg] ;Gbf cfZrosf klg xfFfljuf knfP/ 5l§ . 89'jf 6f]naf;Lx¿sf];Nnf eof]– xfdf] af; 89fP/ agLaf; u/fpg] k'hgLo dxfgfosnfO{>Lv08– ;ldwfsf]hf]/hfd u/] ;ulGwt wF+n]oSt clUgbxg;fy labf ug{ slt /fd]xfnf<lbjËt cfTdfnfO{lr/ zflGt ldnf]\.

t/ otf ;x/sf]lg/LIfOf ub}{dGqLhLsf] a;ofqf rNbf]eP5 . pgL 7fpF+fpF+f k'Ubf ;x/af;L dflg;x¿n]eg]zjofqfsf]edfgdf k/] clGtd labfOsf]tof/L u/]5g\. of]yfxf kfPkl5 dGqLhL :jo+hNnf/fd kbf{eof5g\. a:tL 89]sf ;'Djf;L klg e'tk]tsf]lbjfofqf rn]5 eGg] eon]efufefu ePsf lyP /] of] klg l5kfsf]xNnf xf]ls lakfsf];fwegf{. of c¿ sg}vfn]OGbhfn of dxfhfn dfq}xf] –pg}dGqLhL hfgg\. a; .

;Lkfkf]v/] * l;GwkfNrf]s

v}sg xf]uGtJo

■ 8f= ljZjbLk clwsf/L

rf]af6f]df o;f]5]p nfu] pleO{x]bf{ b]v5'o:tf]/fd/ldtf d]/f]b]zsf]– 9Ëf xfg] ljgf; ug]{¿ Jo:t 5g\ nf7f]lnP/ n3fg]{¿ klg Jo:t 5g\ aGb u/fpg]{¿ x:of^a^km:of^a^\ub]5g\ df6/ gkfP/ lxFgkbf{sfddf hfg]{¿ xtf/df 5g\ ;'/lffb:tfx¿ dflnsnfO{;'/lff lbO/x]5g\ ;8s slxn]tft] wkSs an]sf]xG5 ;8s slxn]zGo nDk;f/ k/] xfO sfl9/]xsf]xG5 Psflt/af6 Ps xh hh'; cfpF5 k|tudg dbf{ifb eGb} csf[t/af6 csf[y/L hh'; cfpF5 cuµdg lhGbfjfb eGb} Pp6f elTsof]eGb}gf/fafhL u5{ csf[/fdf]eof]x'/[eg] pk|G5 stfstfaf6 PsbO{hgf :jf§;§ cfP/ 6fo/ afN5g\;8ssf]dfemdf c¿ tdf;]{¿ x'jf/{an]sf]cfufhfO{ tfnL ahfpF5g\ o;f]xbf{tL ;a]h]kZf u/]h:tf]nfU5 cGToxLg ;?jfth:tf]alemG5 æv}t sg xf]uGtJo stflt/ uP xfd[]b]z e]6Pnf<Æ d dgdg}cfkm}nfO{k]Zg u5{ d]f]k[Zg cGofhdf g}cndlnO/x]5 slx/Ld08nleq x/fPsf]x/fo}5 em;Ë xG5' st}d klg k[Zg ;F}x/fPFeg]==

zf:qldfu{ d]tLb]jL sf7df8f}

l;of6n

■ 8f= bufk{l;fb cofk{n

c6n ;Gb/ s]b|l;of6n
;x/ au/ 3gf 5 hËn
cg]sfGt zfGt ljzfn l;of6n
ctlnt ;an uf]/jsf]e"tn ..!..

r0f{r0f{kl/k0f{of]dg]x/
l;of6n afx]s blgofFs]5 / ¡
sd{f]bo{sf]of]eJo w/f]x/
pn{5 pT;fx x]bf{cyfx a/fa/ ..@..

cgkd of]ljZj ljdfg3f6
s:tf]ldn]sf]k"j{klZrdsf]sf6F
oxfF;x/ leq 5 ahf/ xf6
nfUb5 of] ;[i6sf]7f6afF6 ..#..

cleif]s ljz]if 5 cleofg
;l/tf crnf 5g\gj gj zfg
leq leq ljlrq 5 ;Gb/ pBfg
pBf]u pGgltsf]of]cjbfg ..$..

;To ;To ;Gb/ of]l;of6n
Psfsf/ ag]emF"tn ged08n

ljdfg sDkgL af0ª 5 l;of6n
sDKo6/ sDkgL klg 5 l;of6n ..%..

efUon]ldN5 6]sg b]Vg of]7fpF
lal;{g cUnf]lg8n / :k]sf]gfpF
ho bu]Ú ca klg km]/ d hfpmF
lgTo ;Gb/ l;of6n ufyf ufpmF..^..

Pslqt 5 cd]/sfdf e"tnsf]5f6F
cem l;of6n /x]5 lbJo ;Gb/ pa{ kmf6F
s]zlQm xf]of]p/fN5 pdË / cf6F
e"b]xsf]xf]pf]pRr pGgt nnf6 ..&..

If0feË/ of]pdË
gj:yn lg/LIf0fdf k/]lg bË
t/ leq leq eof]df]x eË
kljq hGd wtL{sf]cefjk0f{/;/Ë ..*..

cfF ;'s]sf]dfg em'S]sf]
zAb km'S]sf]cy{n'S]sf]
stf stfsf]lg/fzfsf]5fof
l;of6n sfof leq jf;'dfg;sf]dfof ..(..

❖❖❖

uhn

..dÚ vf]h/x]5'
..dÚ ;f]w/x]5'.

sxfFs;sf]
..dÚ /f]h/x]5'.

■ kfun ofqL

hflGbgF/ klg
..dÚ ef]u/x]5'.

cK7]f]5 x],
..dÚ af]s/x]5'.

ghfg]}; fob
..dÚ kf]v/x]5'.

rfalxn

a]hsf6 ;flxlTos ofqf

■ e'jgxl/ l;Ubjh

मेरा मित्र तथा श्रद्धेय कवि श्रीहरि फुयालले फोन गर्नुभयो मलाई । ०६८ कत्तिक २१ गते साँझको बखत थियो त्यो । आपसका छेमकुशलका औपचारिकतापछि उहाँले 'ए भुवनजी ! आउँने २५ गते बेलकोट जाऊँ है ?' भन्नुभयो ।

'फुयालजी ! किन जाने बेलकोट ?' मैले सोधेँ ।

'बेलकोटमा चिम्टेश्वर शिवालय छ । यसैको नामबाट चिम्टेश्वर महोत्सवको आयोजना हुँदै छ । तीन दिनसम्म चल्ने त्यो महोत्सव पर्सि २३ देखि २५ गतेसम्म चल्छ । २५ गते समापनका दिन ३०–३५ जना कविजीलाई लिएर जाने दायित्व मलाई सुम्पिएका छन् साथीह¿ले । मैले तपाईंजस्ता साथीलाई छुटाउने कुरै हुन्न । त्यसैले आग्रह गरेको ।' उहाँले जानकारी दिनुभयो ।

'बेलकोट कहाँ पर्छ श्रीहरिजी ?' मैले सोधेँ ।

'त्यहीँ त हो, नुवाकोटमा । रानीपौवादेखि आठ किलोमिटर परबाट कच्ची बाटो समातेर माथि लेकमा जानुपर्छ । ३५ किलो पनि नपुग्दै वरैबाट नयाँ बाटो खुलेको छ अहिले ।'

'अनि कसरी जाने नि, हिँडेर ?' म प्रश्न गर्छु ।

'ल तपाईं पनि, हिँडेर कहाँ साध्य लाग्छ ? बसबाट जाने । ठीक आठ बजे बस छुट्छ बालाजुबाईपास, माछापोखरी गेटबाट । खानाको व्यवस्था उतै हुन्छ । ल मैले निधो लिएँ है ?'

'अनि, कोको जाँदैछन्?'

'रमेश खकुरेल, कोषराज न्यौपाने र अ¿ पनि थुप्रै कविह¿ छन् जानेमा ।'

'हस्, म आउँछु ।' मैले सहमति जनाएँ ।

यस प्रकार त्यो साहित्यिक यात्राको प्रसङ्ग सुरु भयो । श्रीहरिजी त्रिशूली वाङ्मय प्रतिष्ठानका अध्यक्ष हुनु भएकाले यसअघि पनि मलाई पटकपटक नुवाकोटका कार्यक्रमा जाने निम्ता दिनुभएको हो । तर मेरै बेफुर्सदीका कारण कहिल्यै साङ्गोपाङ्गो जुरेन । तादी बगरको रानीमहलमा भएको कार्यक्रममा पनि म छुटेँ, चुकचुकाएँ । देवीघाटको कार्यक्रममा पनि जान सकिनँ, नमजा मानेँ । मनमा थक्कथक्क थियो । त्यसैले पनि हजार काम बिताएर भए पनि बेलकोट महोत्सवमा जाने अठोटगरेँ मैले ।

२२,२३ र२४ गते ता मिलिक्कै बिते । कसरी पत्यारै नलाग्ने गरी बित्छन् हगि हाम्रा दिनह¿ ? होइनजस्तो, विश्वासै नलाग्ने कुरोजस्तो । मेरा आफ्नै साठी वर्षका दिनह¿ फिलित्तै चिप्लिए, अस्तिजस्तो लाग्दैछ । २५ गते आउन कुनै आइतवार थिएन । आयो त्यो बिहान अल्लि तुवाँलोको बर्को ओढेर । बिहानको एक कप चिया खाएर घरबाट निस्केँ म । चिसो छ, मोटरसाइकल पनि । लिएर जाने मन भएन । फेरि, बालाजुमा कता राख्ने मोटरसाइकल ? बरु बसबाटै गए भैगो नि भन्ने मनमा लाग्यो । म टेकुमा गएर बसको प्रतीक्षामा उभिएँ । समय ठ्याक्कै सात बजेको थियो । निकै बेर भयो कुनै बस आएन । सयौँ बसले त्यो बाटोमा ओहोरदोहोर गरिसके तर बालाजु जाने बस भने आएन । म तुलबुलिन थालेँ । 'आ, घरमा गएर मोटरसाइकल लिएर जाउँक्यारे' सोच्दै थिएँ मन्दगतिमा एउटा बस आयो । ठीक साढे सात बजेको समय थियो ।

बस ता साढेसाती दशा नै परेछ । हिँड्दैन त । गटटट बच्चाले खेलौना चलाएको जस्तो ।

मोबाइलको घण्टी बज्यो । कोषराजजीको रहेछ । 'कोषराजजी ! नमस्कार है । म बस चढें टेकुबाट । विष्णुमतीको पुल तर्दै छु । आधा घण्टामा पक्कै ल्याउँला ।'

'ल, हामी सबै जना आइसक्यौं । तपाईंलाई नै कुरेका छौं । मोटरसाइकल ल्याउनुपर्ने, रमेशजी त आइसक्नुभयो । ल छिटो आउनोस् !' सम्पर्क कटयो ।

मैले छिटो भनेर के गऊँ ? बसै हिँड्दैन । जाम छैन । बाटो खुला छ, बिहानको समय हो । बल्ल बस कालीमाटी पुगेर अल्याङटल्याङ गर्न थाल्यो । दस मिनेट त्यहीँ रोकियो । बेकामको घिरघिरे खटारो परेछ । मानिसको भन्दा अल्लि बढी थियो होला त्यसको गति । सोल्टीमोडमा रोकियो । अधिकांश यात्री झरे । बसमा त चार/पाँच जना मानिसमात्रै देखिए । अनि ता बाटो हिँड्दै गरेका मानिसलाई पनि खलाँसीले बोलाउँन थाल्यो 'ल, ल, बालाजु जाने होइन ?' झनै ठिटी देख्यो भने ता हत्तेप्राणै गरेर कराउन थाल्यो । अहिले बसका निश्चित बिसौनीहरू पनि मासिइसकेका रहेछन् । हामी नेपालीका निष्ठा र इमानदारिता मासिएजस्तै । पूरै सडक बिसौनीमय भएछ नि गाँठे !

टेकुबाट कलङ्की पुग्न ठचाक्कै आधा घण्टा लगायो । आठ बजिगो । यसबीचमा रमेशजी र कोषराजजीका गरेर चारपटक मोबाइलमा फोन आइसके । हे प्रभु ! म के गऊँ ? अब बस छुट्ने पक्का भो । एक मनले भन्यो यहीँ झऊँ र अर्को बसमा जाऊँ । फेरि सोचें जेठो मामाको ता यो गति ! अर्को मनमा लाग्यो अब छाडेरै गएछन् भने त्यहीँ गएर विकल्प सोचौंला । म यहाँ तुलबुलिएर के गर्ने ? एक्कासि मनमा आयो छोराले पसल खोल्यो होला । ऊ कलङ्कीमा औषधी पसल चलाउँछ । उसले आफ्नो मोटरसाइकलमा मलाई बालाजु पुऱ्याइदिए त भै गो । हत्तपत्त उसको मोबाइलमा फोन गरें । उसले फोन उठायो । सोधें 'पसल खोलेको हो ?'

'होइन, म ता घरमै छु । किन र ?'

'किन पनि होइन । भैगो ।' म फोन बन्द गर्छु । अब मैले उसलाई मेरो सङ्कट बताएर पनि के फाइदा ? धन्य कलङ्कीमा भने खटारो धेरै बेर रोकिएन तर खुला चक्रपथमा पनि गति भने उही हो घिरघिर । दिमाग बन्द गरेर बसें अब । साढे आठ बजे बल्ल बस बालाजु चोकमा पुग्यो । चालकले त बसलाई सोह्रखुट्टेतर्फ पो घुमायो फेरि । म कराएँ 'लौन के गरेको यो ? मलाई माछापोखरी जानुपर्ने ।' खलाँसीले मतिर लेग्रो तानेर भन्यो 'अङ्कल ! तपाईं यहीँ झरेर माछापोखरीसम्म हिँडेर जानोस् । नभए बसपार्कबाट हिँडेर यता आउनोस् । तपाईंको खुसी । बस ता सोह्रखुट्टे घुमेर जान्छ ।'

'भो रोक भाइ ! म यहीँ झर्छु ।' विवश थिएँ म । आफ्नो रिस आफैँले चपाएँ । के गरू□ ? म पनि खलाँसी भए पक्कै त्यसको मुखमा एक मुक्का हान्थें हुँला । बच्यो ऊ म खलाँसी नभएको हुनाले । खुरुक्क बीसको नोट उसका हातमा थमाएँ । लुरुक्क बसबाट ओर्लें ।

हत्तपत्त कोषराजजीलाई नम्बर मिलाएँ 'हलो हलो, कोषराजजी ! म बालाजुतल चोकमा बसबाट ओर्लें । अब दस मिनेटमा आइपुग्छु है !'

'ल किन तल चोकमा ओर्लेको त ?' उनलाई के थाहा मेरो व्यथा । मैले भनें 'त्यहीँ आएर भन्छु ।' मनमा लाग्यो साथीहरूलाई कुराएर दुक्ख दिएँ निकै । तर मेराखातिर त्यति धेरै साथीहरूले धैर्यसाथ कुरेछन् । म एक बित्ता ठूलो भएँ ।

त्यसपछिको मेरो गति कि दुर्गति हेर्न लायक हुँदो हो । हिँडेको भन्न मिल्दैन त्यसलाई । विरक्तिएको कुनै मानिसले निहालेर हेरेको भए उसलाई लाग्यो होला–'कठै ! यो उमेरमा आएर यसको दिमाग पनि खुस्केछ । पऱ्यो होला बिचरालाई घरव्यवहारको धक्का कुनै ।'

त्यो लुगलुगे चिसो बिहानीमा पनि मेरा लुगा पसिनाले लपक्कै भिजे । ठीक ८.४० बजे म माछापोखरीको ढोकामा पुगें । मलाई देख्ने बित्तिकै 'लौ भुवनजी पनि आइपुगे !' भन्दै अगाडि रोकिएको बसतर्फ कविको डफ्फा चलमलायो । बसमा चढियो । मैले युद्ध नै जितें । बसमा त चालकै थिएन । विनाचालक कसरी गुडोस् बस ? बसभित्र झोला भिरेका अ¿ यात्री पनि पसे । हेर्दा तिनीह¿ कविजस्ता पनि थिएनन् । कसैले भन्यो 'होइन, होइन यो बस ता रिजर्भ हो ।'तर त्यो बस रिजर्भ र नन रिजर्भको दोधारमा रहेछ । पछि भेद खुल्यो । एक जना मानिस चालक सिटमा आएर बस्यो । ऊसँग त्रिशूली वाङ्मय प्रतिष्ठानका कुनै सदस्यले कुरा गरे । मैले सुनें 'लौ त्यसो भए बस रिजर्भ नै गर्नोस् । छ हजारमा लगिदिनोस् !'

'कहाँ हुन्छ ? ल साँढे सात हजार दिनोस्, जातेआते । दिनभरि कुर्नुपर्छ, कच्ची बाटोमा जानुपर्छ । त्यसमा घटेर ता हुँदैन ।'

'ल, भयो हिँड ।' बल्ल भाडाको टुङ्गो लाग्यो । बस हिँड्यो ठीक नौ बजे । लौ हेर्नोस् त मलाई परेको चटारो ।

यात्रा आरम्भ भयो हाम्रो । त्यो बसमा थियौं रमेश खकुरेल, कोषराज न्यौपाने, श्रीहरि फुयाल, प्रभा भट्टराई, हेम प्रभास, थरेन्द्र बराल, मनोज निरौला 'कल्पित', चन्द्रप्रसाद न्यौपाने, ज्यो. रत्ननिधि रेग्मी, श्याम रिजाल, रमेश तुफान, दीक्षा पाण्डे, रन्जू ब्लोन 'तामाङ', हरि गजुरेल सङ्घर्ष, माधव घिमिरे 'अटल', कृष्ण किसु न्यौपाने, कृष्णदेव रिमाल, लक्ष्मी रुङवा, बैरागी जेठा, ब्रह्मप्रिय प्रेमस्व¿प आदि कवि ।

उता बस चालू भयो यता रमेश खकुरेलले हालै लेख्नुभएको अघोरी महाकाव्यको एक सर्ग वाचन गर्न रत्ननिधिलाई दिइयो । भुजङ्गप्रयात छन्दमा लेखिएको त्यो सर्गको वाचन आधाआधी पुगेको थियो होला हाम्रो बस मुडखु भन्ज्याङ पुग्यो । अ¿ कविह¿ आआफ्नै कुरामा मस्त देखिन्थे । बीसको दशकमा भारतले त्रिशूली जलविद्युतयोजना निर्माण गर्ने क्रममा खनेको आयोजना मार्गलाई हामीले निर्धक्क प्रयोग गर्‍यौं, बालाजु/त्रिशूली राजमार्ग भनेर । पचास वर्षका दुःख सुख खप्यो त्यसले हामीले जस्तै । उकालो, मोडैमोड, भयानक भीरको यात्रा । आयतन उही, बच्चाले पेटी बाँधेजस्तो पिच, दुरुस्तै । अब त त्यै पिच पनि टुटेर फुटेर बसेको छ हाम्रो नियतिजस्तै । छ्याके नियति, छ बूढो सडकको । हाम्रो सार्वजनिक यातायात मार्ग, हाम्रो राजपथ । त्यसैमा घस्रिन विवश थियो हाम्रो बस पनि । बूढो र दमको बिरामीजस्तो घ्यारघ्यार गरेर । बसका चालसँगै सबै यात्रु चारै दिशामा बटारिन थाले । अघोरीको वाचन अघि बढाउँन सकिएन । रोकियो ।

'लौ, यो वन हेर्नोस् है ।' कोषराजजीले भन्ज्याङको पश्चिमतिरको घना वनलाई देखाउनु भयो ।

'साँच्चै मनोरम छ हगि यो वन ?' मैले भनें ।

'म ता दिनभरि ओसो तपोवनमा गएर बसेको पनि छु । बडो मनोहर लाग्छ भित्रको बनेली ।'

कुरैकुरामा बस तीनपिप्ले पुगिसकेछ । चुटकिला सुरु भयो । ककसका चुटकिला कस्ता थिए कुन्नि, रमेश खकुरेलको एउटा चुटकिलाले आँसु झर्ने गरी हँसायो–'म एउटा फलफूल पसलमा गएँ । सोधें– ए साहूजी ! एक किलो सुन्तला दिनोस् न मलाई !' पसलेले भन्यो– 'सुन्तला त सकियो, चाक्सी द्यूँ ?' मलाई पनि रिस उठ्यो, भनें–'लौसी दे !'

हाम्रो बस बिस्तारै ककनीतर्फ बढ्दै थियो । रसिला पाखा देखिए पश्चिमतिर फर्किएका । कतै मूला र कतै झपक्कै काउली बारी देखिए । भूभाग जहाँको होस् चाहे समथर चाहे सुर्केनी पाखो या चट्टानी पहाड, त्यही विशेषतासँग मिलाएर प्रकृतिले वरदान भने दिएकै हुनेरहेछ । परिश्रम र पसिनाको स्तरमात्र फरक हो । त्यहाँ देखिएका तरकारी अनि ककनीका मूला भन्ने कहावत मिथ्या होइन । खोल्सीतिरबाट खलखल पानी बगेको सुनियो ।

फेरि देखियो रेन्बो ट्राउट माछाका बजार । चिसो र बग्दै गरेको पानीलाई ससना पोखरीमा थुनेर पालिने ट्राउट माछाको मूल्य अहिले चौध सय रुपियाँ प्रतिकिलो रे ! पोहोर साल यो बाटो हिँड्दा एउटा ट्राउट पालन केन्द्रमा पसेको थिएँ म । त्यसका साहूजीलाई मैले सोधेँ 'कति छ साहूजी ! वार्षिक उत्पादन तपाईंको ?'उसले भन्यो 'पोहोर साल छ टन बेचेँ, यो साल त पोखरी तलैसम्म बढाएको पनि छु ।'

'अनि बजार कुन हो नि ? यहीँ खान आउने सौखिन ता होलान्, होइन ?'

'यहाँ आउने ग्राहकलाई दिएर उब्रेको काठमाडौँका ठूला होटेलले लैजान्छन् । माग धेरै छ तर मागअनुसार आपूर्ति यहाँबाट हुनसकेको छैन । उत्पादन गर्न सकेमा विदेशबाट पनि यसको निकै माग छ ।'

उनको कुरा सुनेर त्यति बेरै म घोरिएको थिएँ । मनको क्यालकुलेटर खोलेर छ टन ट्राउटको मूल्य निकाल्दा मेरा आँखा गोलभेँडाजत्रै भएका थिए । हे भगवान् ! नेपालका यी अद्वितीय र अनुपम डाँडा, लेकमा यस्ता चिसापानी कति छन् कति । चिसो पानी खाएर, हिमालको सञ्जीवनीपूर्ण हावामा सास फेरेर, आफ्नै गोठका गोरस, बेसीखेतको पोखेली धानको भात, गैरीबारीका मकैकोदो, करेसाबारीका तरकारीलाई भुलेर मिथ्या सपनाका ढाकर भिरेर आज हाम्रा युवा किन खाडी पसेका होलान् ? मैले सोच्नै सकिनँ । बेमौसमी तरकारी र ट्राउट माछा पालनबाट सुनका ढचाक बनाउने कला सिकाउने मित्रदेश जापानलाई झुकेर प्रणाम गरेँ मैले । झट्ट मनमा आयो ए ! इलामे लेक र ककनीका लेकमा खासै भिन्नता के छ कुन्नि ? होइन भने पहिले चार अ(अदुवा, अलैंची, अम्रिसो, ओलन)लाई बढाएर छ अ(ओखर, औषधी)को समृद्धिमा पुगेको हाम्रो इलामलाई यतै निम्ता गर्न सकिन्थ्यो कि ?

बस रानीपौवा पुग्यो । कुनै कालखण्डमा रानीले पौवा बनाएकी हुँदिहुन्, यसैबाट रानीपौवा भनियो होला । सत्य के हो कसैसँग सोधिएन । उत्तर फर्केको पाखो, दुवैतर्फ लहरै पसलह¿ र बीचबाट मूल सडक गएको छ । सुन्दर छ बजार नेपाली शैलीको । रमाइलो लाग्यो । साथीह¿लाई चिया खुवाउने भनियो । प्रस्ताव धन्यवादयोग्य लाग्यो । बस 'के एस चमेनागृह' अगाडि रोकियो । बसबाट ओर्लिनासाथ काँच्चै चपाउँजस्ता रहरलाग्दा मूलाका चाङ, तोरी र रायोका सागका गतिलै मुठा अनि मुठीभरिका बरेला देस्तै मन लोभियो । फर्कंदा तरकारी किनेर लाने सल्लाह गर्दै चना र बोडीको तरकारी अनि तात्तातो चियाले राम्रै धीत मऱ्यो ।

हामी उत्तरतर्फको त्रिशूलीमार्गबाट अगाडि बढ्यौँ । त्यस्तै आठ/नौ किलोमिटरअगाडि गइयो होला । त्यो बीचमा पनि खोल्सैपिच्छे ट्राउट माछा पालन व्यवसाय देखियो । खुसी लाग्यो । ठूलै ढुङ्गाखानी कसैले चलाएको रहेछ । त्यो खानी कटेर थोरैअगाडि गएपछि बायाँतर्फ स्वागतद्वार देखियो 'स्वागतम् चिम्टेश्वर महोत्सव ०६८ ।' हाम्रो बस त्यही ढोकाबाट छिऱ्यो । नयाँ खनिएको कच्ची उकालो बाटो, निकै साँधुरो पनि । तलतिर छङ्गाछुरे भीर, सातै जाने । चालक भाइ अभ्यस्त रहेछन् यस्तो बाटोमा गाडी चलाउन । निकै सावधानी पूर्वक हामीलाई लगे । एघार अनि बाह्र बज्यो । बल्ल एउटा देउराली आइपुगियो । पहाडको घाँटी हुँदै बस हिँड्यो । अब हाम्रो यात्रा त्यो महाभारत पर्वतको दक्षिणतर्फबाट पश्चिमतिर अभिमुख थियो । 'ऊ चाउथे, ऊ छत्रेदेउराली, ऊ पर नौबिसे नजिकै पो देखियो ।' कस्सिएर हिँड्ने हो भने दुई घण्टामा छत्रे पुगिन्छ होला । अनि त भीमढुङ्गाको बाटो काठमाडौं, तुरुन्तै । भनेर के गर्ने ? हामीले तीन घण्टाबसको यात्रा पूरा गरिसक्यौँ तैपनि गन्तव्य कता हो पत्तो थिएन ।

कसैले बस रोक्यो हाम्रो । उनी पनि त्यही समारोहमा जान लागेका र हामीमध्ये कसैका चिनजानका मानिस रहेछन् । उनीसँग सोधियो 'अब कति छ ?' उनले भने 'होला त्यस्तै आठ

किलोमिटरजति ।' अझै आठ किलोमिटर बाटो बसले तय गर्नैछ, अघि खाएको चना चिया ता कता पुग्यो कता । वहाँ पुगेर चालीस/पचास जनाले कविता सुनाएर काठमाडौं फर्किने कार्यक्रम छ । कसरी सम्भव होला ? यिनै बहस हामीबीचमा चल्दै थिए एउटा मोडमा बस पुग्यो । 'ऊ ऊ त्यही हो बेलकोटको लेक, हामी पुग्नुपर्ने ठाउँ' भने । बस घच्चै रोकियो । चालक भाइले भने 'यो बस ता जाँदैन त्यो लेकमा ।' अब के गर्ने त ? त्यहाँ विवाद हुन थाल्यो । हामी बसबाट ओर्लेर चारैतिर हेर्न थाल्यौं ।

अहा ! बेलकोटको लेक ! कस्तो सुन्दर शिखर ! शिखरमा झपक्क सल्लेरी वन अनि वरिपरि चहुर देखिन्छ । कुनै कलाकारले भरखरै क्यानभासमा चित्र लेखेर घाममा सुकाएको जस्तो दृश्य । हाम्रा मन भने तुरुन्तै बेलकोटको लेकमा चढिहाले । आआफ्ना क्यामरा झिकेर फोटो खिच्न थाल्यौं हामी । मैले त्यहींका एक जना भाइलाई सोधें 'चाउथे कहाँनिर हो भाइ ?' उनले भने 'ऊ क्या त तल बग्दै गरेको कोल्पुखोला भइहाल्यो, यतापट्टि फाँट अनि यताको चाउथे गाउँ ।' मेरो मन कस्तो कस्तो भयो एकछिन । म चाउथे गएको थिएँ छ वर्षको उमेरमा । त्यहाँ मेरी आमोई(काकीआमा) का मीतमामा थिए । उनले सप्ताह पुराण लगाएकाले त्यो निम्तो मान्न आमोईसँग चाउथे पुगेको सम्झन्छु । 'लौ यी भाइ ता हाम्रा भतिजाजस्तै रहेछन् । लौ यिनलाई मीत लगाइदिनु पर्‍यो' भने कसैले । खोइ के के गरे उनीह¿ले मैले चाल पाइनँ । हामीलाई मीत लगाइदिए । हामी त्यस्तै तीन/चार दिन बस्यौं त्यहाँ । त्यहाँ बसुन्जेल मीत र म सँगसँगै खेल्थ्यौं । दिनभरि छुटिदैनथ्यौं हामी । पुराणको साङ्गे सकेपछि हामी घरमा फर्क्यौं । बाटाभरि पनि मैले तिनै मीतको अनुहार सम्झें । निकै दिनसम्म उनको अनुहार मेरो मानसमा घुमिरहेको सम्झन्छु । त्यसपछि विस्मृति । आज पूरा चवन्न वर्ष बित्यो मीतको र मेरो देखभेट भएको छैन । कठै ! कुन हालमा र कस्तो हुनुहोला मेरा मीत ?

'ल, ल बसमा बसौं कुरा मिल्यो । बसलाई पन्ध्र सय भाडा थप्नुपर्ने भो ।' फुयालजीले भन्नुभो । हामी फेरि बसमा खाँदियौं । त्यस्तै पन्ध्र मिनेट जति बस हिँडेपछि अर्को स्वागत द्वार देखियो । द्वार सानो भएकोले बस छिर्न सक्तैनथ्यो । सबैको राय आयो 'आज समापन नै हुने हो । अब यो द्वारको मतलव पनि छैन, यसलाई पन्छाइदिऊँ' भन्दै त्यो द्वारका बाँस हटाएर बस अघि बढ्यो । उकालो सुरु भयो भरखरै खनेको बाटो, त्यो बाटोमा ठूलो गाडी हिँडेर उद्घाटन पनि हाम्रै बसले गरेको ठहरियो ।

एउटा भयङ्कर मोड आयो । त्यो मोड घुम्न निकै कसरत गरे चालक भाइले । ज्यानको डर सबैलाई थियो । हामी सबै जना बसबाट झर्‍यौं । पाँच मिनेट हिँड्यौं होला, बस आइपुग्यो । फेरि चड्यौं तर त्यो चडाइ नै निर्णायक थियो । दुई मिनेट पनि बस हिँडेको थिएन होला एउटा साँघुरो मोड घुम्न लाग्दा अगाडिको बायाँ चक्का माटोमा दब्यो । अब बसलाई बल गरेर अगाडि नलाने भन्ने सबैको निर्णयपछि चालकलाई भनियो 'ल भाइ बसलाई झिकेर उपयुक्त ठाउँमा मोडेर बस । हामी हिँडेर जान्छौं ।' जान्छौं ता भन्यौं तर रमेश खकुरेलका निम्ति त्यो चढाइ निकै कष्टकर हुने देखियो । भाग्यले समारोह समितिका एक जना सदस्य मोटरसाइकलमा आउँदै रहेछन् । उनैले लिएर गए ।

हामीह¿ उकालो चढ्न थाल्यौं । त्यस्तो ठाडो उकालो पनि होइन । ठीक हामी सामुन्ने बेलकोट डाँडा थियो । सल्लेरी वन पुग्नुअघि नै मलो पाकेको देखियो, झप्पझप्प । ठाउँठाउँमा बच्चाह¿ले पाकेका जति खाँदै र काँचा जति फाल्दै गरेका पनि देखिए । वातावरण सफा थियो । मनोहारी । बिहानभरि ता जताततै हुस्सु थियो । डम्मै । अब भने चारैतिर खुल्ला । अहा ! कति सुन्दर उत्तरको लाङटाङ शृङ्खला । मन्द बतास भए पनि उतिसारो चिसो

भने होइन । सल्लेरी वन सुरु भयो । उकालो बढी नै भए पनि खासै थकाइ महसुस भएन हामीलाई । हामी पुग्यौं समारोह स्थल । यो ठाउँ जिलिड, झिलटुङ र कुमरीको शिखरमा पर्ने रहेछ । यसको उच्चाइ सोध्यौं । ७४५८ फिट छ भन्ने थाहा भयो । यहाँबाट त काठमाडौं उपत्यकाका धेरै भाग देखिने मनोहर शिखर रहेछ । यहाँ पृथ्वीनारायण शाहले बनाएको किल्लाको भग्नावशेष अझै छ । यो किल्लामात्र नभएर काठमाडौं चडाइ गर्न आवश्यक पर्ने हतियार भण्डार गर्ने बङ्कैरै बनाएको हुनुपर्छ भन्ने अनुमान हुन्छ । किनभने स्थानीयवासीका भनाइअनुसार तीस/चालीस वर्ष अघिसम्म सुरुङजस्तो गरी बनाइएको त्यो किल्लाको ढोका पनि थियो रे ! अहिले ढोकाजस्तो लाग्ने खाडल देखिन्छ राम्रैसँग । फेरि यहाँबाट पूर्वमा शिवपुरी र आग्नेय कोणमा दहचोकको डाँडो सामुन्ने नै देखिने हुनाले त्यहींबाट शिवपुरी र दहचोकमा किल्ला राखेर काठमाडौंलाई हान्ने योजना तयार गरेको हुनसक्ने प्रबल सम्भावना देखिन्छ ।

चारैतिर सल्लेरी वनले घरेको र बीचमा भने खुला चहुर पो रहेछ । चार/पाँचवटा सानाखाले गाडी, पुलिसको एउटा पिकअप र थुप्रै मोटरसाइकल रोकेका देखिए । कागजका झल्लरले सजाइएको समारोह स्थललाई हेर्दा यस्तो लाग्थ्यो प्राकृतिक र भौतिक झल्लरका होडबाजी चलिरहेको थियो । यस्तो लाग्थ्यो त्यहाँ मानवीय र भौतिक सजावटको हार भएको थियो । उपहास गरिरहेको थियो प्राकृतिक सज्जाले । आफ्ना बास्ना आफ्नै पातका पङ्खाले हम्केर पूरै क्षेत्र सुगन्धित तुल्याइरहेको थियो सल्लेरीले । यो अनुपम व्यवस्थाका अगाडि मानवीव सज्जा ता क्यैन क्यै, खोटो ।

म ता भोक पनि बिर्सेर सल्लेरीतिर घुम्न निस्केछु । एक जना साथीले भने 'ल भुवनजी ! तपाईं कता हराउनुभएको ? उता खोजी भइरहेछ तपाईंको स्वागतका निम्ति । सबै कविजीको स्वागत सत्कार सकेर उनी तपाईंकै प्रतीक्षामा उभिएकी छिन् । खाना खान जाने व्यवस्था भइसकेको छ ।'

साथी र म मञ्चअगाडि गयौं । त्यहाँ एक जना केटी उभिएकी देखें । उनको एक हातमा सयपत्री फूलको माला र खादा थिए, अर्को हातमा अबिर । उनले मलाई अबिर लगाइन् पहिले अनि माला र खादा । हाँसेर स्वागत गरिन् । आफ्नो परिचय दिइन् 'सङ्गीता सहयात्री पने¿ रहेछ उनको नाम । कोल्पुको सुसेली पत्रिका चलाउँदी रहिछन् उनी । मैले आफ्नो नाम भनेर अभिवादन गरें । अब खाना खान जाने कुरा चल्यो । एउटा स्टलमा खानाको प्रबन्ध रहेछ । हामी लहरै बस्यौं बेन्चमा । अहा ! सालको नयाँ टपरीमा तात्तातो भात, मासको दाल, केराउ पनीरको रसदार तरकारी, रायोको साग र अमिलो गुन्द्रुकको अचार, त्यसमाथि साढे एक बजेको भोक, पुगेन त काण्ड ? मैले त कति पटक खाना थपें ? त्यो पनि सम्झिन सकिनँ अहिले । बडा आनन्दले खाना खाइयो । पानीको व्यवस्था पनि राम्रै गरेका थिए, कति तलबाट डोकोमा गाग्री राखेर बोकेको भन्ने सुनियो, कति कष्ट छ हगि पहाडमा !

हामीले खाना खाँदै गर्दा डा.प्रकाशचन्द्र लोहनी कुर्ली कुर्ली भाषण गर्दै थिए । लामै प्रशंसा गरे यो बाटो बनाउन आफूले गरेको सहयोगउपर आफैंलाई । उता हामीले खाना खाई सक्यौं, यता लोहनीले भाषण पूरा गरे । व्यस्त छु भन्दै हिँडी पनि हाले । उनको लगत्तै एमालेका क्षेत्रीयस्तरका युवा नेताले भाषण गरे । उनको भनाइमा लोहनीले त तातोछारो केही पनि सहयोग नगरेको कुरा गरे । खोइ के हो यिनका कुरा ? मैले त दुवैका कुरा पत्याएँ, देशका उच्चस्तरीय नेताजीह¿का भनाइ सुन्दा सुन्दा थाकेको भएर पनि होला । त्यो समारोहमा सांसद विमला सुवेदी, महेन्द्र पाण्डे र राजेन्द्र लोहनीको सक्रियता निकै देखिन्थ्यो ।

अब केही समयको लागि मञ्च कविजीह¿का लागि दिने भनियो । कृष्णदेव रिमालले कार्यक्रम सञ्चालन गरे । यसको सभापति त्रिशूली वाङ्मय

प्रतिष्ठानका अध्यक्ष श्रीहरि फुयालले गर्नुभयो । प्रमुख अतिथि रमेश खकुरेललाई तोकियो । कोषराजजी र मलाई पनि मञ्चमा बोलाएर ठूलो बनाइयो, विशिष्ठ अतिथिका ¿पमा । म पनि एक बित्ता जति त अग्लिएँ हुँला । समारोहको साधारण परिचयपछि कविता वाचन थालियो । सबै कविह¿बाट कविता वाचन गराउने अवस्था नै थिएन । बाटोको जोखिमलाई विचार गर्दा चार बजेभित्र हिँड्नै पर्थ्यो हामीलाई । त्यस्तै, समारोह आयोजकलाई पनि त्यसै दिन यसको समापन गर्नुपर्ने हुनाले थुप्रै काम बाँकी थिए मञ्चका । कविता वाचनका लागि एक जना स्थानीय गुरुलाई सर्वप्रथम बोलाइयो । नाम टिपिन, थर चापागाईं बताइएको थियो । उनले त आक्रोश पो व्यक्त गर्न थाले । उनको र उनका विद्यार्थीको उचित सम्मान भएन रे भनेर । उनको आक्रोश सुन्दा हामी सबैलाई के लागेको रहेछ भने उनीमा शिक्षकत्वको अभाव छ । बल्ल भाषण सके अनि दुई पेज लामो कविता पढ्न लागे । त्यो पनि भताभुङ्ग अनुष्टुप् छन्दमा लेखिएको । अब कविता पढ्ने पालो आयो प्रभा भट्टराई, कोषराज न्यौपाने, भुवनहरि सिग्देल, रन्जू ब्लोन तामाङ, थरेन्द्र बराल, ब्रह्मप्रिय प्रेमस्व¿प, वैरागी जेठा आदि कविह¿को । समय घर्क्यो साढे तीनतिर । सबैतर्फ विचार गरेपछि सल्लाह भयो यो कार्यक्रमलाई यहीँ रोक्न श्रेय छ ।

हामीले मञ्च छाडचौँ र तल रोकिएको बससम्म ता फेरि हिँड्नै थियो । संयोगवश ककनीसम्म आउने सानो गाडीमा एक सिट खाली भेटियो । अनुरोध गरेर रमेश खकुरेललाई अगाडि पठायौँ हामीले । अनि त रमाइला गफ गर्दै तल झरेको पनि ख्यालै भएन हामीलाई । आनन्दसँग ककनी ल्यायो बसले । त्यहाँ खाजा चिया खाने र सागमूला पनि किन्ने सल्लाह अनुसार सबै जना झर्‍यौँ । धेरै कविह¿ले सागमूला किने । मैले पनि साठी रुपियाँको मूला किनेर ल्याएँ । अहा ! त्यसै भनेको होइन रहेछ नि ककनीका मूला भनेर । खाएर ता हेर्नोस् ! घरमा ल्याएपछि त्यो मूला त काँचै टोकेर सकियो, जमेर तरकारी नै खान पाइएन भन्या । कहिले जाने फेरि खोइ ककनी, मूला किन्न !

यस प्रकार यात्राका अनेकौँ रोचक प्रसङ्गसहित हामीले पूरा गर्‍यौँ यो बेलकोट साहित्यिक यात्रा कहिल्यै नबिर्सने गरी । नेपालका पर्यटन क्षेत्र पहिचान र विकासको दायित्व सकारेर बसेका संस्था तथा व्यक्ति विशेषका चिम्सा आँखाको तुवाँलो कहिले हट्ला र खेख्लान् तिनले बेलकोटको यो ऐतिहासिक धरोहरका ¿पमा रहेको शिखरलाई ? जसले देशका घनटाउकेह¿ बस्ने काठमाडौँलाई युगौँयुगदेखि चुनौती दिइरहेको छ– उज्यालो मुख लगाएर ।

❖❖❖

समसामयिक समाचारमूलक

साप्ताहिक पत्रिका

'नेपालबोर्डर'

बजारमा उपलब्ध छ ।

bfloTj

pknAw xg]:yfgM

kf7\o ;fdu|L k;n

hfd]dfs{6, /Tgkfs{sf7df8f}+

kmf]g g=+$@$#!%)

;dLIff

tLg s[t MPs b[i6

■ 7fs'/ zdf{

१ वसन्त चौधरीको 'मेघा' कविताकृतिलाई अवलोकन गर्दा

श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्यकला मन्दिरद्वारा प्रकाशित वसन्त चौधरीको मेघा कवितासङ्ग्रह (नेपाली भाषा एवं हिन्दी भाषामा) हालसालै २०६९(इ.सं.२०१२)मा आएको छ। माँ गङ्गादेवी चौधरीमा समर्पित भनेर सर्वप्रथम लेखिएको छ। अत्यन्त आकर्षक ढङ्गले सजिएको मेघा कवितासङ्ग्रहभित्र नेपाली भाषामा छयालीस शीर्षकका कविता र हिन्दी भाषामा छत्तीस शीर्षकका कविताहरू रहेका छन्। वसन्त चौधरीका पहिले प्रकाशित कृतिमा संवाद, राष्ट्रियता नदुखोस् र एल्बममा माया बल्झेछ, तिम्रो नाममा, रिफ्लेक्सन्स अफ लभ, वन्ली लभ, वेष्ट अफ वसन्त चौधरी हुन्। वसन्त चौधरी एक उद्योगपति, व्यावसायिक व्यक्तिको चिनिने भएर पनि उहाँ विभिन्न सामाजिक एवं धार्मिक सङ्घ संस्थाहरूसँग आबद्ध हुनुहुन्छ। वसन्त चौधरीलाई म व्यावसायिक व्यक्तित्वको रूपमा मात्र हेर्दिन। म उहाँलाई एक संवेदनशील, सामाजिक व्यक्तित्व र भावुक व्यक्तित्वको रूपमा चिन्छु।

वसन्त चौधरी पशुपतिक्षेत्र विकास कोषसँग आबद्ध रहँदा मेरा आदरणीय मित्रवर, प्राध्यापक रामप्रसाद दाहालले त्यस विकास कोषबाट प्रकाशित हुने पशुपतिक्षेत्र पत्रिकामा केही समय सहयोग गर्ने अवसर दिनुभएको थियो र म वसन्त चौधरी एवं रामप्रसाद दाहालजस्ता बहु प्रतिभा सम्पन्न व्यक्तित्वहरूलाई निकटबाट हेर्ने र बुझ्ने मौका पाएको थिएँ। म वसन्त चौधरीलाई सामाजिक क्षेत्र वा धार्मिक क्षेत्रमा पनि उत्तिकै चासो राख्ने अत्यन्त सहृदयी र उदार प्रकृति भएका व्यक्तित्वको रूपमा सम्झिने र आदर गर्ने गरेको छु।

विक्रम संवत् २०६९ श्रावण १९ गते अग्रवाल भवन कमलपोखरी, काठमाडौंमा भएको साहित्यिक एवं पारिवारिक व्यक्तित्वहरूको जमघटमा वसन्त चौधरीद्वारा लिखित मेघा कवितासङ्ग्रह २०६९ विमोचन हुँदा यो लेखक पनि मित्र यादव भट्टराईसँगै समारोहस्थलमा पुगेको थियो। उक्त भव्यसमारोहको नेतृत्व गर्नुहुने साहित्यकार मोदनाथ प्रश्रित हुनुहुन्थ्यो भने प्रमुख अतिथि नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति वैरागी काइँला (तिलविक्रम नेवाङ) हुनुहुन्थ्यो, साथै नेपाली साहित्यिक फाँटका वरिष्ठदेखि कनिष्ठ साहित्यकार एवं विविधक्षेत्रका विद्वान्सम्मको उपस्थिति उदाहरणीय नै थियो। विभिन्न पत्रकारहरू, साहित्यानुरागी व्यक्तित्वहरू र पारिवारिक व्यक्तित्वहरूको पनि जमघट थियो। कार्यक्रम छोटोमीठो, आकर्षक भयो। आगन्तुकहरूलाई अत्यन्त नम्रतापूर्वक स्वागताभिवादन गरेको पाउँदा सबै प्रभावित हुनु स्वाभाविक नै हो। त्यही समारोहमा प्राप्त मेघा कवितासङ्ग्रहको अवलोकन गर्दा मलाई कवि वसन्त चौधरीको व्यक्तित्व धेरै उच्च रहेको र बहुमुखी प्रतिभा भएको व्यक्तित्वको अनुभूति गरेँ। जुन छवि पहिला ममा थियो त्योभन्दा माथि पुगेको अनुभव गरेँ। शान्त, अनुशासित र मधुर वाणी जसरी उहाँबाट प्रकट हुन्छ, त्यस्तै कविताका हरेक पङ्क्तिहरू पनि श्रुतिमधुर रहेको पाएँ।

वसन्त चौधरी केही वर्षदेखि गीतकारका रूपमा चिनिनुभएको थियो । अहिले वसन्त चौधरीले मेघा कवितासङ्ग्रह नेपाली साहित्यको फाँटमा दिइसकेपछि संवेदनशील व्यक्तित्वका साथै बौद्धिक व्यक्तित्व पनि उजागर भएको स्पष्ट छ । म त्यसलाई यसरी भन्न रुचाउँछु :

व्यक्ति व्यक्तिन्छ कर्मैले सत्यको मार्ग ली हिँडे
सबैको मन जित्ने हो साधनासँग नै हिँडे ।

सिर्जनाशील व्यक्तित्व भित्र नै ब्रह्मरूप छ
दृष्टि सुन्दर भो मात्र सृष्टिको मूल फुट्दछ ।

वसन्त चौधरीले मेघा कवितासङ्ग्रहको प्रारम्भिक लेखमा आफ्नो पारिवारिक पृष्ठभूमिलाई यसरी व्यक्त गर्नुहुन्छ : ....शायद मसँगै टाँसिएर आएको व्यापारिक घरानाले मभित्रको कविलाई बाहिर आउने बाटो दिइराखेको थिएन तर सिर्जना रोकेर कहिल्यै रोकिन्न । यसको कुनै समय, जात, धर्म वा पेसा हुँदैन .....। यो भनाइले मलाई पनि छोयो । म पनि त्यही भन्छु, सिर्जना रोकेर रोकिन्न, वातावरण पाउना साथ प्रकट हुन्छ । जुनसुकै कामको लागि पनि वातावरण अवश्य चाहिन्छ । वसन्त चौधरीलाई पहिलेदेखि नै विद्वत्समाजसँग सम्पर्क हुने प्रशस्त ठाउँ मिलेको थियो र अन्तर्मनको भावना उजागर भयो, अर्थात् अन्तर्हृदयमा उकुसमुकुस भएर बसेको जुन भावना थियो, वातावरण पायो, बाहिर आयो । नेपाली साहित्यको क्षेत्रमा अनेक यस्ता हस्ती छन्, पेसा जुनसुकै भए पनि कवित्वशक्ति येनकेन प्रकारेण बाहिर आएको छ । त्यसैले वसन्त चौधरीको यो काव्य-सिर्जना हुनु केही आश्चर्य होइन । नेपाली साहित्यले सुन्दर कृति पायो, हामी यस क्षेत्रमा लाग्ने व्यक्तिले सहकर्मी, सहधर्मी सशक्त व्यक्तित्व पायौँ, यो सुखद कुरा हो । म सर्वप्रथम बधाई हृदयतः दिन्छु । यस सन्दर्भमा भन्न मन लाग्यो :

शब्दब्रह्म भनी पूजा गर्ने चलन हो यहाँ
यसै संस्कारमा हुर्क्यौं यही नै छ जहाँतहाँ ।

यथार्थ रूपमा बाँच्ने हुन्छ मानिस पूर्णतः
सेवाकै भावमा टेक्ने देखिन्छ नै समुन्नत ।

कवि वसन्त चौधरीको मेघा कवितासङ्ग्रहमा के छ ? भन्ने कुरा सङ्क्षिप्तमा माथि केही कुराहरू आए पनि अब पुस्तक पढ्दा परेको प्रभाव र आफूले देखेको कुरा व्यक्त गर्दछु ।

मेघा कवितासङ्ग्रहको अग्रलेख डा. लक्ष्मणप्रसाद गौतमको रहेको छ । त्यसको शीर्षक छ मनले मात्र पढिन सक्ने कवि । उहाँ भन्नुहुन्छ : 'वसन्त चौधरीका कवितामा गीतको माधुर्य, सङ्गीतको निनाद, भावको तरलता र सौन्दर्यको भिन्नै कला पाइन्छ ।'

यो वसन्त चौधरीका कविताहरूको विश्लेषण गर्ने क्रममा श्री गौतमले भन्नुभएको हो । यस्तै अर्का समीक्षक डा.राजेन्द्र विमल भन्नुहुन्छः 'वसन्त की कविताएँ समकालीन मनुष्य के दुख-सुख, हास्य और रोदन अर्थात् प्रेमानुभूति की कविताएँ हैं ...। '

यस सङ्ग्रहभित्र हिन्दी कविताहरू पनि भएकाले दुई समीक्षकद्वारा यसरी लेखाउनु सह्रानीय कार्य लाग्यो । उहाँहरूले जे भन्नुभएको छ, ठीक भन्नुभएको छ । वसन्तका कविता नेपाली भाषामा लेखिएका हुन् वा हिन्दी भाषामा लेखिएका हुन् सुन्दर छन्, सबैका लागि ग्राह्य छन् । हृदयनिःसृत भावना नेपाली समाज वा व्यवहारमा देखिएका आरोहावरोह, सुख्खदुख्खको अनुभूति कवितामा प्रकट भएको स्पष्ट नै छ ।

वसन्त चौधरीका कविताहरू जति पढ्दै गएँ, त्यत्ति नै प्रभावित हुँदै गएँ । यी कविताहरूले मेरो मनमा पनि एक किसिमको तरङ्ग ल्यायो :

वसन्त-कविताभित्र रसमाधुर्य मिल्दछ
फूलको कोपिलाजस्तै हरेक शब्द मिल्दछ ।

अनेक रङका फूल उद्यानमा भएसरी
मेघाकाश बन्यो एक मौसमी रसमाधुरी ।

आमाको ममता मिल्छ पूर्णिमायुक्त उज्ज्वल
सबैमा प्रेम बर्सिन्छ कृतिमा भावना भल ।

शब्दाडम्बर पाइन्न हृदय पूर्ण खुल्दछ
जे छ यथार्थमा खुल्छ, कविता-स्वाद मिल्दछ ।

प्रत्येक शब्द नै ब्रह्म बनेका छन् यथार्थतः
अन्तर्निहित तत्त्वैमा शब्द चल्छन् स्वभावतः ।

म कविताभित्र पस्दै गएँ, पढ्दै गएँ, आनन्दरूपी सागरको सुधा प्राप्त गर्दै गएँ । जति सरलताको आभास मिल्दै गयो त्यति रमाउँदै गएँ ।

वसन्त चौधरीको मेघा कवितासङ्ग्रहभित्र रहेका नेपाली भाषामा लेखिएका र हिन्दी भाषामा लेखिएका कविता बयासी (८२) शीर्षकमा रहेका छन् । नेपाली शीर्षकमा रहेका कविता हुन् : तिमीलाई सम्झिएँ, कसरी मानौँ मौसम फेरियो, प्रेमका परिभाषा बुझेनौ, तिमी छैनौ, तिमी हरायौ, मेरो जीवन, तिमी छौ तिमी छैनौ, के नाम दिऊँ तिमीलाई, जन्मदिनको शुभकामना, दृश्यमा तिमी छैनौ, कोमल मन, म कथा बनाउन चाहन्छु, आधा शताब्दी मेरो जीवनका, फेरि आयो नयाँ वर्ष, मन उदास छ, नयाँ वर्ष नयाँ सपना, प्रेम प्यास हो, काठमाडौं, शून्य समय, एउटा उदास पोखरी, अनिँदा आँखाहरूको मीठो निद्रा आमा, मेरो चाहना, यन्त्रजस्तो मान्छे, उमेरले मागेको हिसाब, प्यारी नातिनी, सपना बाँच्न खोज्छ, नयाँ शिशुको जन्म, अँध्यारोमा चन्द्र, ऊ आएको छ, मित्रताको छुरा, चिरन्तन प्यास, मायाको बन्दकी, आउँछ लुटेर जान्छ, चन्द्रमा र वादल, अलिक लजाइदेऊ, बगेको हाँसो, आँखाले होइन मनले, मौनतामा रुमल्लिएको मन, प्रेमपत्रमा सम्वोधन, अमेरिका, स्वप्नभित्र तिमी, मेरो देश, अनौठो भेट, तिमीले देखेनौ, सपना रापेको हुँ र माँलाई आँसुको श्रद्धाञ्जली ।

पहिलो खण्ड (नेपाली कविताखण्ड) भित्रका केही कवितांश उदाहरणका लागि हेरौँ :

मेरै जीवनले मलाई जीवन ठान्छ कि ठान्दैन
मेरै मायाले मलाई आफ्नो माया मान्छ कि मान्दैन...।
(पृष्ठ ८०)

कविको शङ्का जीवनप्रतिको शङ्का छ, आफूले जुन कुरा सोचिएको हुन्छ, त्यस्तै प्राप्त हुन्छ भन्ने छैन, त्यसैलाई सङ्केत गरिएको छ । यसमा विविधताले युक्त प्रेमका कविता अत्यधिक रहेका छन् ।

त्यस्तै गुनासाका कविता नभएका त होइनन् तर कवि गुनासो नरहेको कुरा पनि गर्नुहुन्छ :

कोही आउँछ कि आउँदैन, त्यसको चासो पनि रहेन
कोही मेरो हो कि होइन, त्यो गुनासो पनि रहेन...।
(पृष्ठ ७२)

आशामा मात्र भर पर्ने कविचाहिँ त अवश्य हुनुहुन्न तर कतैकतै आशा पनि नगरिएको होइन ।

आँखाबाट आँसु होइन, मोती झर्नेछन्
ओठमा मुस्कान होइन, फूल फुल्नेछन्.....।
(पृष्ठ ८८)

यसैगरी हिन्दी भाषामा लेखिएका कविताका शीर्षक हुन् : जिन्दगी, वादों का जहर, खाक बनाकर चले गए, पौधा कोही बो गया, अनसोया आसमाँ, सवालात रहने दो, अपने जन्मदिन पर, मौन आवाज, मजबूर हुआ, तुम्हारे बिना, बिखरी यादें, तुम्हारे नाम, सामने दरख्त नहीं, तुम खडी हो दूर बिरानी में, बेअसर जिन्दगी, माँ, मुमकिन नहीं, जिन्दगी तेरे बिना, मासूम बचपन, आदमी और रोबोट, वियाबाँ है जिन्दगी, खून की होली, खरगोश, वो दिन और ये रातें, मै कौन हूँ ?, शिकस्त, गीत तेरे नाम, हवा के पंख, तो क्या हो ?, मेरा परिवार : मेरी वाटिका, उम्र के दोराहे पर, क्या हो तुम ?, पिताजी के नाम, अकेले में जिन्दगी, क्या मागूँ ? और मेघा ।

दोस्रो खण्ड (हिन्दी कविताखण्ड)भित्रका केही कवितांश उदाहरणका लागि हेरौँ :

तुम थी तो बात कुछ और थी
तुम नहीं तो बात कुछ भी नहीं.....।
(पृष्ठ ११४)

मैं अधूरा था
तुम्हारे दर्द ने दिल भर दिया.....। (पृष्ठ१०८)

यह नहीं मैं जानता था
साथ साथ चलते हुए
खुद तुम्ही मेरे जिगर में

काँटों की नोक सी
चुभ जाओगी । (पृष्ठ १२३)

..... भर गया जी अब चमन से
फूल से, बहार से, वादों से और प्यार से ।
(पृष्ठ १२५)

यस्ता मन छुने कविता धेरै छन् । यी त केही उदाहरण मात्र हुन् । यी माथि दिइएका सबै कविता चित्राङ्कित कविता हुन् । यहाँ कतिपय शीर्षकका कवितामा मूर्तामूर्त चित्र दिइएको छ । ती चित्रहरूले जे बोल्छन् कविताले बोल्छन्, जे कविताले बोल्छन् ती चित्रहरूले बोल्छन् ।

कविमनमा अनेक भाव तरङ्गित हुन्छन्, ती शब्दमा परिणत हुन्छन्, ती सूक्ष्म तरङ्ग समात्न सक्ने वा शब्दमा ढाल्न सक्ने क्षमता हुनु त्यसमा पनि कलात्मक तरिकाले प्रस्तुत हुन सक्नु र हरेकको मन जित्न सक्नु ठूलो विशेषता हो, त्यो विशेषता कवि वसन्त चौधरीमा यथेष्ट छ । मेघा कवितासङ्ग्रहको अन्तिम मेघा शीर्षकको कवितामा कलात्मक सौन्दर्य यसरी प्रकट हुन्छ :

.....मेघा !
बस यही मैं चाहता हूँ
हँसती गाती जिन्दगी में
कर्म ही तेरी साँस हो
छोटी सी थी पहले
अब तो तुम मेरा विश्वास हो
मेरी छोटी जिन्दगी में
सब से बडी एक आश हो.....। (पृष्ठ १७६)

कति सुन्दर कविता छ । जसभित्र आत्मा बोलेको छ । प्रत्येकको हृदय छुन्छ । यस्ता साधक जनमनमा सदा-सर्वदा बस्न सकून्, यही शुभ-भावनाका साथ विराम लिन्छु र यस सन्दर्भमा मलाई पनि आफ्नै भावनामा भन्न मन लाग्यो :

वसन्त की कविताएँ देखा तो
दिल भर गया
